वर्ष : १५, अंक : २४, काठमाडौं, २०७६ असोज १० गते शुक्रबार, 27 September 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## ठाकुर पुनः संयोजक



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको संयोजकको जिम्मेवारी पुनः महन्थ ठाकुरलाई दिइएको छ । आइतबार राजपाको केन्द्रीय कार्यालय बबरमहलमा संयोजक राजकिशोर यादवको नेतृत्वमा बसेको बैठकले सोमबारदेखि महन्थ ठाकुरलाई संयोजकको जिम्मेवारी दिइएको हो ।

पार्टीको विधान अनुरूप चक्रीय प्रणालीमा संयोजक परिवर्तन भएको राजपा नेपालले प्रेस विज्ञप्ति जारी गरि जनाएको छ ।

यसअघि पनि राजपा गठन भएको करिब डेढ वर्षसम्म संयोजकको जिम्मेवारी ठाकुरले नै सम्हाल्दै आएका थिए । त्यसपश्चात् चक्रीय प्रणालीअनुसार दुई-दुई महिनाका लागि संयोजक परिवर्तन हुँदै आएको छ । ६ वटा पार्टी मिलेर राजपा नेपाल पार्टी निर्माण भएसँगै चक्रीय प्रणाली अनुरूप चल्दै आएको राजपा नेपालले कार्तिक २७, २८ र २९ गते महाधिवेशन मिति तोक्दै त्यसपछि एकल नेतृत्वमा जाने बताएको छ ।

तर राजपा नेपालका अध्यक्ष मण्डलका अर्को सदस्य महेन्द्र राय यादवले मधेशवाणीसँगको कुराकानीमा महाधिवशेनभन्दा पनि समाजवादी पाटीसँगको एकीकरण प्राथमिकतामा रहेको बताएका छन् । उनले भने, 'एकता प्रमुख विषय हो । वार्ताको टेबुलमा हामी छौं, यहाँ रहुन्जेलसम्म महाधिवेशनको वातावरण बन्दैन । एकता गर्ने र संयुक्त महाधिवेशन गर्नु सबैभन्दा उपयुक्त हुन्छ ।'

## "नेपालमा अब मधेशवादी छैन"



जनकपुरधाम । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले नेपालमा अब मधेशवादी पार्टी नरहेको टिप्पणी गरेका छन् । उनले मधेशवादी भनेर जनतालाई ठग्ने कार्य बन्द गर्नुपर्ने बताएका हुन् । 'नेपालमा अब कुनै मधेशवादी पार्टी छैन । सबैले आ-आफ्नो दलको नामबाट मधेश शब्द हटाइसकेका छन्, साइनबोर्डमा समेत मधेश देखिँदैन । अब आफूलाई मधेशवादी भनेर जनता ठग्ने काम बन्द गर्नुपर्छ', उनले भने । यस्तै, उनले प्रदेश २ को नाम मिथिला-भोजपुरा र राजधानी जनकपुर हुनुपर्ने धारणा राखेका छन् । सरकारले प्रस्ताव गरेको नागरिकता सम्बन्धी विधेयकमाथि समेत उनले असन्तुष्टि व्यक्त गरेका छन् ।

# सञ्चारमन्त्रीलाई फसाउँदै प्रेस काउन्सिल

## नश्लीय विभेद गरेर मधेशी र पहाडीबीच फाटो ल्याइँदै

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रेस काउन्सिल नेपाल पाँच दशक पूरा गरेको पुरानो संस्था हो तर यसले गर्ने निर्णय हेर्दा यो अहिले पनि परिपक्व भइनसक्ेको देखाउँछ । यसको प्रभावकारिताको पक्ष हेर्ने हो भने यो ५० वर्ष उमेर खाइसकेको संस्था हो जस्तो लाग्दैन । यसको पछाडि काउन्सिलमा नियुक्त गरिने व्यक्तिहरूलाई जिम्मेवार ठान्ने गरिएको छ । तर, मूल कुरो व्यक्ति होइन, संरचना हो । जसका कारण यो संस्था अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । मिडियाले सम्प्रेषण गरेको सूचना, समाचार वा कुनै सामग्रीको सत्य, सन्तुलन र विश्वसनीयताप्रति प्रश्न उठेमा वा सञ्चारमाध्यमले जानाजान वा अन्जानमा गरेको गल्ती र कमजोरीप्रति प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्दै प्रेसलाई थप जिम्मेवार बनाउनु र पीडितलाई न्यायको अनुभूति गराउन प्रेस काउन्सिलको काम हो । तर यो संस्था आफनो बाटोमा अलमलिएको छ ।

काउन्सिलको काम नागरिकलाई सही सूचना प्रवाह गर्न प्रेसलाई मार्गदर्शन गरी स्वतन्त्र पत्रकारिताको प्रवर्द्धन गर्नुहो तर यसले नश्लीय चरित्र र विभेदकारी पत्रकारितालाई प्रश्रय गर्दै आइरहेको छ । काउन्सिलले सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई व्यवहारमा स्थापित गराउने पूर्णत: असमर्थ भएको छ । मर्यादित पत्रकारिताको वकालत गर्ने प्रेस काउन्सिल आफै मर्यादित हुन सकेको छैन ।

२०२७ सालमा स्थापित यो संस्था विश्व प्रेस काउन्सिलको संस्थापकसमेत हो । काउन्सिलले प्रेस स्वतन्त्रता र मर्यादित पत्रकारितालाई मात्र नभई प्रेसको व्यावसायिक गुणस्तरलाई पनि व्यापक समर्थन गर्नु पर्नेमा देशको एउटा समुदायलाई मात्र प्रोत्साहन गर्ने गरी गरेको निर्णय यतिखेर विवादित र आलोच्य बनेको छ ।

प्रेस काउन्सिल अहिले अलोकतान्त्रिक भएको छ । यसको चरित्र नश्लीय भएको छ । यसले पत्रकारलाई नश्लका आधारमा विभेद गरी प्रोत्साहन गरिरहेको छ । काउन्सिलले आफनो यस प्रकारको चरित्रको प्रर्दशन यसपटक आफनो स्थापनाको ५०औं वर्षमा गरेको पत्रकार पुरस्कारको घोषणाबाट हुन्छ । उसले यस पटक कर्मचारी बाहेक ७ विधामा २४ जनालाई पत्रकारलाई पुरस्कृत गरेको छ । सबैभन्दा धेरै क्रियाशील पत्रकारितामा ९ जना र युवा पत्रकारितामा १०




जना छन् । पुरस्कृत २४ जना पत्रकारमध्ये मधेशी समुदायबाट मात्र तीन जना छन् ।

सबैभन्दा ठूलो नगद १ लाख ५१ हजार रूपैयाँ रहेको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार गोविन्दबहादुर थापालाई दिइएको छ । दोस्रो ठूलो १ लाख ५ हजार रूपैयाँको सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार डा. सुरेश आचार्यलाई प्रदान गरिएको छ । आचारसंहिता पुरस्कार दैनिक नेपाल, बाँकेलाई ५० हजार नगदसहित पुरस्कृत गरिएको छ । यस्तै २० हजार राशीको भाषागत पत्रकारिता पुरस्कार सुनसरीका मोहम्मद हसन मियाँलाई दिइएको छ भने २० हजार नगदसहित साहित्यिक पुरस्कार अन्तर्बोध पत्रिकाका सम्पादक होमशंकर बास्तोलालाई प्रदान गरिएको छ । क्रियाशील पुरस्कार पाउनेहरूमध्ये ९ जनामा एक जनामात्र मधेशी समुदायका छन् । यस्तै युवा पत्रकारिता पुरस्कार पाउने १० जनामा पनि एक जनामात्र छन् । काउन्सिलले आफना तीन कर्मचारलाई पनि पुरस्कृत गरेको छ जसमा कोही पनि मधेशी छैनन् ।

यो घटनाक्रमले के देखाउँछ भने राज्यका संयन्त्रहरू अहिले पनि विभेदकारी नीतिबाट सञ्चालित छ । प्रत्येक अंगजस्तै पत्रकारिता क्षेत्रमा पनि मधेशी पत्रकारसँग विभेद गरिएको छ । अन्य मधेशी समुदायजस्तै मधेशी पत्रकार पनि प्रताडित र विभेदको शिकार भइरहेको प्रेस काउन्सिलको पछिल्लो निर्णयले एकपटक फेरी साबित गरेको छ । मुलुकमा विद्यमान विभेदलाई अन्त्य गर्न समावेशी संविधान बनिसकेको अवस्थामा त्यसलाई कमजोर बनाउने प्रयत्न प्रेस काउन्सिलको यो निर्णयले देखाउँछ । राज्यद्वारा प्रदान गरिने विज्ञापन तथा पत्रपत्रिका वर्गीकरणमा समेत मधेशका पत्रिकाहरूलाई काखापाखा गरिएको उदाहरण पनि थुप्रै छ ।

यसले के देखाउँछ भने मधेशका मुद्दामा सक्रिय रहेका पत्रकारमाथि राज्य संयन्त्रबाटै चौतर्फी प्रहार भइरहेको छ । यता, प्रेस काउन्सिलले गर्ने पत्रपत्रिकाका वर्गीकरणको सूची हेर्ने हो भने मधेशका पत्रिकासँग विभेद हुँदै आएको छ । प्रेस काउन्सिल भित्र रहेका खसभक्तहरूको दोहोरो चरित्रले मधेशबाट प्रकाशित हुने पत्रिकाहरू थप प्रताडित भएको छ । प्रेस काउन्सिल मात्र होइन, राजधानीमा रहेका ४ दर्जन भन्दा बढी पत्रकारहरूका हकहितका लागि खोलिएका सञ्चार संस्थाहरूभित्र समावेशी संरचना छैन । अधिकांश संस्था भित्र एकजना पनि मधेशी पत्रकार छैनन् । राजधानीबाट प्रकाशित हुने ठूला आकारका दैनिक पत्रिकाहरूमा सम्पादक मधेशी समुदायबाट छैन । अधिकांश समाचार डेस्क मधेशीविहिन छ ।

पहाडी र मधेशी गरी मात्र दुई समुदाय रहेका नेपाललाई साझा, सम्पन्न र विकसित बनाउन सबै तह, तप्का, समुदाय र विचारले न्यायोचित स्थान पाउनैपर्छ । एउटा मात्र समुदायको वकालत गर्ने सञ्चारमाध्यमलाई राष्ट्रियस्तरको दर्जा दिन कदापि मिल्दैन ।

अर्को तिर प्रेस काउन्सिलको मुख्य काम पत्रकार आचारसंहिताको अनुगमन गर्ने र आचारसंहिता उलंघन गर्नेलाई कानूनको दायरामा बसेर कारवाही गर्ने हो । तर प्रेस काउन्सिलले यो काम अझै पनि प्रभावकारी ढंगले गर्न सकेको छैन ।

### पत्रकारको फेसबुक र ट्विटर निगरानी गरिने

नेपाल प्रेस काउन्सिलले अब पत्रकाहरूको फेसबुक र ट्विटर जस्ता सामाजिक सञ्जालमा निगरानी गर्नेभएको छ । काउन्सिल र नेपाल पत्रकार महासंघले पत्रकार आचारसंहिता संशोधन गर्दै सामाजिक सञ्जालमा पनि पत्रकार मर्यादित ढंगले प्रस्तुत हुनुपर्ने व्यवस्था गरेको हो । नयाँ संशोधनमा भनिएको छ, 'पत्रकार तथा सञ्चार माध्यमले सामाजिक संजालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारीहरू सत्य, तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनु पर्दछ ।' नेपाल प्रेस काउन्सिलकका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले चौथो अंगको रूपमा पत्रकारहरूले सामाजिक सञ्जालमा पनि व्यवहार गर्नुपर्ने बताए । आचारसंहितामा भनिएको छ, 'सामाजिक संजालका अन्य प्रयोगकर्ताहरूले प्रकाशन गरेको जानकारी वा विचार र कमेन्टहरूलाई सेयर वा रिट्विट गरी पुन: प्रकाशन गर्दा पत्रकार तथा सञ्चार माध्यमले आफूले प्रकाशन गरे सरह तथ्य जाँच गरी निष्पक्षतालाई समेत ख्याल गरि सम्प्रेषण गर्नुपर्छ ।' अनलाइन र युट्युबहरूले कुनै आपत्तिजक, धार्मिक आस्थामा प्रहार गर्ने, साम्प्रदायिक विषय राखेकामा त्यस्तो सामाग्री अनलाइनहरूबाट हटाउन इन्टरनेट सेवा प्रदायक (आइएसपी)हरूलाई निर्देशन दिने व्यवस्था समेत आचारसंहितामा गरिएको छ ।

## प्रदेशमा लागनीमैत्री वातावरण भएन : राउत



बुटवल । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दिले प्रदेशमा लगानीमैत्री वातावरण नभएको गुनासो गरेका छन् । तिलोत्तमा नगरपालिकाले आयोजना गरेको लगानी सम्मेलनलाई सम्बोधन गर्दै संघीय ऐन कानूनहरू झन्झटिलो भएका कारण प्रदेशहरूका लगानीको वातावरण नभएको बताए । उनले केन्द्रीकृत र एकात्मक मानसिकता संघीय सरकारले नत्यागेसम्म लगानीमैत्री वातावरण बन्न नसक्ने उल्लेख गरे ।

मुख्यमन्त्री राउतले स्थानीय तहमा पहिलोपटक तिलोत्तमा नगरपालिकाले लगानी सम्मेलन आयोजना गरेर संघीयतामा स्थानीय तह पनि सक्षम छन् भन्ने सन्देश दिएको बताए । उनले भने, 'स्थानीय, प्रदेश र संघीय सरकारबीच कानून निर्माण र सोचमा एकरूपता हुनुपर्छ ।'

तिलोत्तमा नगरपालिकाले आयोजना गरेको लगानी सम्मेलनको पूर्वप्रधानमन्त्री एवम् नेकपा अध्यक्ष प्रचण्डले उदघाटन गरे । करिब ५० अर्ब लगानी भित्राउने लक्ष्यसहित २२ परियोजना अघि सारिएको सम्मेलनमा नेपालका साथै भारत, चीनसहितका विदेशी मुलुकबाट समेत करिब पाँच सय जना सहभागी छन् ।

## सत्तामा बसेर वैकल्पिक शक्ति निर्माण हुँदैन : महतो



जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले सत्तामा बसेर वैकल्पिक शक्तिको निर्माण नहुने बताएका छन् । उनले समाजवादी पार्टीले सरकार छाडेपछि समानताको आधारमा पार्टी एकता हुने बताएका छन् । जनकपुरमा बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले जनताको माग र वैकल्पिक शक्ति निर्माणका लागि पार्टी एकता हुनुपर्ने बताए । नेता महतोले सत्तामा बसेर वैकल्पिक शक्ति निर्माण नहुने बताउँदै जनताको भावनालाई सम्मान गर्न मधेशवादी छ दल एकीकरण भइसकेको र अब समाजवादी पार्टीसँग पनि एकता हुनुपर्ने धारणा व्यक्त गरे । नेता महतोले जनताको चाहना राजपा र समाजवादी पार्टीको एकता रहेको र यसका लागि नेतृत्व तह पनि सकारात्मक रहेको बताए ।




**समय-सन्दर्भ**

**संगीता रेग्मी**



## प्रदेश २ : समाजवादी र राजपाबीच जेलिएको व्यथा

नेपालको राजनीतिमा प्रदेश २ ले विशेष महत्व राख्ने गरेको छ । अहिले पनि ७ प्रदेश मध्ये ६ प्रदेशमा नेकपाको सरकार छ भने प्रदेश २ मा मात्र गैर कम्युनिष्ट सरकार छ । त्यहाँ राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीले संयुक्त सरकार चलाइरहेको छ । संविधानसभाबाट संघीय गणतन्त्रतात्मक संविधान जारी हुँदासम्म यहाँ विभिन्न घटना परिघटनाहरू भइरहे । राजनीतिक मुद्दाका हिसाबले होस् वा विभिन्न भ्रष्टाचार, अनियमितता, सामाजिक कुरिति जस्ता कारणबाट होस् प्रदेश २ अहिले पनि सधैंजसो चर्चामा रहन्छ ।

**संविधान दिवसको विरोध**

संविधान निर्माण प्रक्रियामा आफूहरूलाई सहभागी नबनाएको र आफ्ना मुद्दाहरू नसमेटेको भन्दै संविधान दिवसको विरोध गर्दै आएका मधेश केन्द्रित दलहरूले यो वर्ष पनि संविधान दिवसलाई कालो दिवसको रूपमा मनाए ।

संविधान संशोधनको मुद्दा लिएर सरकारमा सहभागी भएको सामाजवादी पार्टी मौन बसेको अवस्थामा राजपा नेपालले भन्ने प्रदेश २ का विभिन्न ठाउँमा विरोध जुलुस गर्दै संविधानको विरोधमा कालोपट्टी बाँधेर कालो दिवस मनायो । संघीय सरकारमा प्रतिनिधित्व गरेको र प्रदेश २ मा सरकार संचालनमा रहेको समाजवादी पार्टी मौन बस्नु र संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रदेश २ मा समाजवादी पार्टीसँग मिलेर सरकार संचालनमा रहेको राजपाले संविधान दिवसलाई विरोध दिवसको रूपमा मनाउनु आफैंमा दुई राजनीतिक दलहरूको आन्तरिक रूपमा रहेको कमजोर सहकार्य हो ।

> **विभिन्न सूचकांकहरूमा अत्यन्त दयनीय अवस्थामा रहेको प्रदेश २ लाई माथि उठाउने जिम्मेवारी यही राजपा र फोरमको काँधमा छ । त्यसैले यी दलहरूले एकीकरण गरी प्रदेशको विकासमा आफ्नो ध्यान केन्द्रित गर्न जरूरी छ ।**

आफ्ना स्वार्थपूर्तिका लागि सरकारमा सहभागी भएका दलहरूको उर्दीमा प्रदेश २ का जनताले पहिले जस्तै यो वर्ष पनि संविधान दिवस मनाउन पाएनन् वा मनाएनन् ? संविधान स्वीकार्दै सांसद बन्ने र संविधान दिवसको विरोध गर्ने एक हिसाबले राजनीतिक बेइमानी हो । संविधानको सपथ खाएर त्यसको विरोध गरेर सबै मधेशीको मानमर्दन हुने काम त कतै यी दलहरूले गरेका छैनन् भन्ने प्रश्न उठ्न थालिसकेको छ । संविधान संशोधन गराउँछु भन्दै सरकारमा सहभागी भएका तत्कालीन उपेन्द्र यादव नेतृत्वको पार्टीले अहिलेसम्म संशोधनको कुनै पनि विषय अगाडि बढाउन सकेको छैन । यो फगत उनको सत्तामा जाने बहाना मात्रै थियो कि ? अहिलेको अवस्थालाई हेर्दा संविधानको विरोध गर्ने नैतिक वा राजनीतिक आधार राजपा र समाजवादी दलसँग छैन ।

**राजपा भित्रको आन्तरिक किचलो**

राष्ट्रिय जनता पार्टी, नेपाल गठन भएको साढे २ वर्ष भयो । यो अवधिमा अध्यक्षमण्डलमा रहेका ६ जना सदस्यको अध्यक्ष बन्ने चक्र पनि पूरा भएको छ । पार्टी गठन भएदेखि २० महिनासम्म महन्थ ठाकुर अध्यक्ष मण्डलको संयोजक भएर काम गरे । उनीमाथि पार्टीमा अनियमितता गरेको, पार्टीमा पदाधिकारी नियुक्ति जथाभावी गरेको लगायतका आरोप लगाएर चक्रीय प्रणाली अनुरूप नेतृत्व गर्ने भन्दै २/२ महिनाका लागि सदस्यहरू अध्यक्षमण्डलका अध्यक्ष भएर पार्टीको नेतृत्व गरे । असोज ६ गतेदेखि पुन: ठाकुरलाई संयोजकको जिम्मेवारी दिइएको छ ।

६ पार्टी मिलेर बनेको राजपा नेपाल अहिलेसम्म पनि भित्रि रूपमा संगठित र एकीकृत हुन सकेको छैन । ६ पार्टी मिलेको छ तर ६ पार्टीकै शीर्ष नेतृत्वको मन अहिलेसम्म मिल्न सकेको छैन । पार्टीमा लागू गरिएको चक्रीय प्रणालीले पार्टीलाई कुनै फाइदा पुऱ्याउन सकेको छैन । ६ जनै अध्यगमण्डलका सदस्यहरू पालै पालो अध्यक्ष भए पनि पार्टीको मुख्य कार्यभर 'एकताको पहिलो महाधिवेनश' गराउन सकेका छैन । अहिले पनि राजपा नेपालमा ६ वटै पार्टी रहेको महसुस हुन्छ । आ-आफ्नो स्वार्थअनुसार काम गर्नु, आ-आफ्नो गुट चलाउनु आदि कारणले राजपा भित्रको विवाद उत्कर्षमा पुगेको छ ।

बाँकी अन्तिम पृष्ठमा

# सम्पादकीय

## स्खलित हुँदै मधेशी दल

मधेशको राजनीतिलाई एकैछिन थाँती राखेर हेर्ने हो भने जनजिविकामा सवालमा यो क्षेत्र धेरै पछि परेको छ । हामीलाई लाग्न पनि सक्छ कि मधेशको राजनीतिले आफ्नो गन्तव्य पूरा गर्ने चरणमा छ । गणतन्त्र, संघीयता र समावेशी सिद्धान्त लामो संघर्षले स्थापना भएका उपलब्धि हुन । तर जनताको भोगाइ र अनुभूतिको परिदृष्यमा आधारभूत समस्याहरू जस्ताको त्यस्तै छन् । विशेषगरी राष्ट्रियताको सवाल, जनजिविकाको सवाल र प्रतिक्रियावादी राज्यव्यवस्था भित्रका तमाम विकृति विसंगति जस्ताको तस्तै छन् । जनताका दुःख, पीडा, अन्याय, अत्याचार, शोषण, दमन, भेदभाव, नातावाद, कृपावाद, परिवारवाद, दल भित्रका गुट उपगुट, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार, लैंगिक विभेद, छुवाछूत, जातीय विभेद, सामाजिक कुसंस्कार, रूढीबादी रितिरिवाज लगायतका तमाम समस्या अहिले पनि जस्ताको तस्तै अझै । यस तथ्यले के बताउँछ भने यो राज्यव्यवस्थामा केही राजनीतिक परिवर्तन र आंशिक उपलब्धि हासिल भएपनि पुरै राज्यव्यवस्था वा सत्ता परिवर्तन भएको छैन । हामीले आशा र अपेक्षा गरेको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भित्रका सुधारका कार्यक्रम, जनताले प्राप्त गरेका हक अधिकारको कार्यान्वयनको अवस्था र यस गणतन्त्र अन्तर्गत सरकारको भनाइ, गराई र जनताको भोगाइ सवालका साथै मधेशमा सत्तासीन राजपा र समाजवादी दलका नेतृत्व पंक्तिमा आएको वैचारिक, राजनीतिक र वर्गीय स्खलन मधेशको लागि टाउको दुखाइ बनेको छ । प्रदेश २ मा राजपा र समाजवादीको शक्तिशाली र स्थायी सरकार हो । यो यस्तो अनुकुल अवस्था हो कि जुन अहिलेको व्यवस्थामा जे जति उपलब्धि हासिल भएका छन् ती सबै मधेशी जनताको पक्षमा अधिकभन्दा अधिक प्रयोगमा ल्याइनु पर्ने हो । तर सरकार गठनका झन्डै दुई बर्ष बितिसक्दा पनि जनतामा जुन आशा र अपेक्षा थियो, त्यो निराशामा परिणत भएको छ ।

सत्तारोहण सँगै अधिकांश मधेशी नेताहरूमा धन सम्पत्तिप्रतिको अत्यधिक मोह जागेको छ । पद र प्रतिष्ठामा अत्यधिक आसक्ति पलाएको छ । सुख सयल र रोब-रवाफको भोक जागेको छ । उनीहरू सुविधाभोगी हुँदै गएका छन् । हिजो राजनीतिक परिवर्तन खातिर त्यस्तो कष्टप्रद र त्यागपूर्ण संघर्ष गर्दै गरेका नेताहरू र अहिलेका आत्मकेन्द्रीत बन्दै गएका छन् । महंगी, बेरोजगारी, युवा पलायनलाई रोक्न सकिएको छैन । सामाजिक विकृतिको रूपमा रहेको छुवाछुत, जातीय भेदभाव, महिला हिंसा, बालश्रम शोषण घट्नुको साटो झन बढेर

**मधेशी दलका नेताहरू मधेशले प्राप्त गरेको उपलब्धिलाई पनि आफ्नो स्वार्थअनुसार अर्थ्याएर मधेशी जनतामा भ्रम छर्ने गरेकाले मधेशी जनतामा अहिले मतभेद फैलिँदो छ। अहिले अस्तित्वमा रहेका मधेशी दलबाटै केही नेताहरू विगतमा मन्त्री भएका हुन्।**

गएका छन । यसतर्फ सरकारको उचित ध्यान पुग्न सकेको छैन । कृषि अनुदान किसानले पाउदैन । मधेश कृषि प्रधान भूमि हो तर यहाँका किसानले समयमा न बिउ पाउँछन, न त मल नै । सिँचाइको कुरा त झन गाह्रो भयो । मधेशी नेता जब आफू स्खलित भएको थाहा पाउछन् वा स्खलित हुँदै गर्दा त्यसलाई पर्दा हाल्न अनेक गुलिया नारा र भाषण गर्छन् । मधेशी दलहरूको पछिल्लो रवैयाका कारण मधेशको मन अशान्त छ । यसो हुनुको कारण राज्यबाट भोग्दै आएको विभेद एउटा कारण हो भने अर्को महत्वपूर्ण कारण मधेशी दलहरूको स्वार्थी चरित्र पनि हो । मधेशी दलका नेताहरू मधेशले प्राप्त गरेको उपलब्धिलाई पनि आफ्नो स्वार्थअनुसार अर्थ्याएर मधेशी जनतामा भ्रम छर्ने गरेकाले मधेशी जनतामा अहिले मतभेद फैलिँदो छ। अहिले अस्तित्वमा रहेका मधेशी दलबाटै केही नेताहरू विगतमा मन्त्री भएका हुन् । केही अहिले पनि केन्द्र सरकारमा मन्त्री छन् तर मन्त्री पदमा रहँदा मधेशप्रति उनीहरूको वक्रदृष्टि रहँदै आएको छ । राजकिशोर यादव कुनै बेला सञ्चार मन्त्री थिए र उनकै पालामा १० वर्ष कनिष्ठ कर्मचारलाई नेपाल टेलिभिजनको महाप्रवन्धक बनाइए, जबकि उनीभन्दा वरिष्ठ मधेशी पत्रकार त्यसका लागि योग्य थिए । यो त एउटा प्रतिनिधिमूलक घटना मात्र हो । यस्ता अनेकौं उदाहरणहरू पेश गर्न सकिन्छ । आखिर मधेशको जनजिविकाको सवालमा मधेशी दलहरू किन बोल्दैन । विश्लेषहरू यसको पछाडि मधेशी नेताहरूको आत्मकेन्द्रित र स्वार्थपूर्ण सोच हाबी भएको तर्क गर्छन । पछिल्लो एक दशकमा मधेशी दलका चार दर्जन नेता मन्त्री भइसकेका छन् । धेरै अपिरिचत अनुहार नेता भए । तर मधेशको अजेन्डा सम्झौतापत्रमा सीमित भए । कारण हो नेतामा अजेन्डाप्रति समर्पण नहुनु । अजेन्डा उचालेर आन्दोलन गर्ने अनि त्यो आन्दोलनलाई आफ्नो स्वार्थअनुसार बिसाउने प्रवृतिले पनि मधेश जनताको सामाजिक परिवर्तन आउन सकेको छैन । मधेशी दलहरू मधेशको आर्थिक, सामाजिक, सांस्कृतिक मुद्दाबारे बोल्दैन । लाग्छ, राजनीति बाहेक मधेशको कुनै मुद्दा नै छैन । मधेशी दलहरूको यहि कमजोरीका कारण, प्रदेश २ को सरकार असफलतातिर गइरहेको छ । कुनै नयाँ सोच छैन, बजेटलाई कसरी सदुपयोग गर्ने, प्रदेशलाई समृद्धितर्फ लान कसरी विकास गर्ने त्यतातिर यो सरकारको कुनै सोच छैन । जथाभावी र अनावश्यकरूपमा बजेट खर्च गर्नेतिर मात्रै यो सरकारको काम गरिरहेको छ । दूरदृष्टिले आगामी दिनमा कसरी समृद्धि हासिल गर्ने तर्फ प्रदेश सरकारको ध्यान छैन ।

## साताको सात बात


इतिहास र सभ्यताको जगेर्नाका लागि पुरातात्विक धरोहरहरूको संरक्षणमा जोड दिँदै गौरवशाली संस्कृति र प्रकृतिलाई जीवन्त राख्न सबै प्रकारका संग्रालयहरूको सम्बर्द्धनमा ध्यान दिन जरूरी छ । **विद्यादेवी भण्डारी, राष्ट्रपति**


विगतमा देशको राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएजस्तै गरी समाजिक संघसंस्था र अभियानकर्मीहरूले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पुरा गर्नेतर्फ केन्द्रित हुनुपर्छ । **नन्दबहादुर पुन, उपराष्ट्रपति**


जनताको माग र वैकल्पिक शक्ति निर्माणका लागि समाजवादी र राजपाबीच पार्टी एकता हुनैपर्छ । तर, सत्तामा बसेर वैकल्पिक शक्ति निर्माण हुँदैन, पार्टी एकताका लागि अनौपचारिक रूपमा छलफल भइरहेको छ । एकता गर्न समाजवादी पार्टीले सरकार छाड्नुपर्छ। **राजेन्द्र महतो, अध्यक्षमण्डलका नेता, राजपा नेपाल**


पार्टीको नीति अनुसारको व्यवहार र आचरण देखाउन सकेमा पार्टीभित्र देखिने गुटबन्दीको अन्त्य हुन्छ । जनताका अधिकारका लागि देशमा भएका हरेक राजनीतिक आन्दोलन कांग्रेसको नेतृत्वमा सफल भएको छ । **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**


तीन तहको सरकार एक अर्काका प्रतिस्पर्धी होईनन् यिनीहरू समन्वय, सहअस्तित्व र सहकार्यको भावनाले अगाडि बढ्न आवश्यक छ । तीन तह मिलेर अगाडि बढे मात्र सरकारले लिएको लक्ष्य र जनताले लिएको अपेक्षा पुरा हुन सक्छ । **लालबाबु पण्डित, संघीय ममिला तथा सामान्य प्रशासनमन्त्री**


शिक्षा सामाजिक क्षेत्र हो । पढ्न नसक्नेहरूलाई पनि बढ्ने वातावरण बनाउनुपर्छ । अहिले निजी मेडिकल कलेजहरूले हामी कलेज चलाउँदैनौं सरकारलाई साँचो बुझाउँछौं भनेर घुर्की लगाएका छन् । साँच्चिकै बुझाए पनि प्रदेश सरकार लिन तयार छ । **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**


सरकारलाई असफल बनाउने बहानामा संघीय व्यवस्थाविरोधी गतिविधि संचालन भइरहेका छन् । जसले गर्दा संघीयताप्रति नै जनविश्वास गुम्न सक्छ । यसतर्फ सबैजना सचेत हुन जरूरी छ । व्यवस्था विरोधी गतिविधि स्वीकार्य हुँदैन । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**

# भष्मासूरले पाएको वरदानको परिणाम ?

**विचार-विश्लेषण** **भाग-४२**


उपेन्द्र झा

नेपाल गरिब मुलुक भएपनि सगरमाथाको देशको रूपमा नेपाल विश्वमा आकर्षणको केन्द्र बनेको छ । दक्षिण एशियाका दुई ठूला महाशक्ति देश नेपालको छिमेकी रहेकोले यसलाई नजिकबाट हेर्न विश्वका पर्यटकहरू नेपाल आउन रूचाउँछन् । यहाँको गरिबी, भौगोलिक जटिलता, सर्वोच्च हिम चुचुराहरू, लामो हिमाली श्रृँखला, आकर्षक ताल तथा हिमताल, दुर्लभ प्राकृतिक सौंदर्यले भरिएको दर्शनीय स्थलहरू आदि कारणले विश्वका पर्यटक नेपाल आवत् जावत् गर्न रूचाउँछन् । विभिन्न विचार बोकेकाहरूको आकाँक्षा एकै ठाउँमा पूरा हुने भएकोले कालान्तरमा नेपाललाई उनीहरूले क्रीडास्थल बनाए ।

राजनीतिक, कूटनीतिक, धार्मिक, व्यापारिक विचार फैलाउने उद्देश्यबाट प्रेरित पर्यटकहरूको सहज स्वार्थपूर्तिमा नेपाल अनुकूल स्थल छनौट भएकोले विस्तारै यहाँ विदेशीहरू आउन थाले । नेपालले पनि विदेशी मुद्राको आमदानी प्राप्त गर्न थाल्यो । गरिव मुलुकका सरकारका अगुवाहरूको विदेशी मुद्रासंग अमिट सम्बन्ध बन्दै गयो । उपरोक्त हरेक विचारका पर्यटकहरूको प्रभाव विस्तारको मार्गमा धन प्रवाहित हुने भएकोले सरकार तथा प्रतिपक्षमा रहेका मानिसहरू सबै डलर कमाउनेतिर आकर्षित भए । वैदेशिक अनुदान सहयोगको लामो अभ्यासमा कथित राजनीतिज्ञहरू देश र समाजको विकास गर्नुभन्दा व्यक्तिगत स्वार्थ पूरा गर्ने कार्यलाई प्राथमिकतामा राखेकोले माँगी खाने संस्कारको विकास भयो ।

कालान्तरमा शक्तिकेन्द्रमा बस्ने र डलर कमाउने सरकारमा भएकाहरूको प्रमुख एजेण्डा बन्यो । यही प्रतिस्पर्धामा काँग्रेस, कम्युनिष्टलगायत विभिन्न राजनीतिक दलको जन्म भयो । शासनसत्तामा सबैको सहभागितालाई राजतन्त्रको एकल शासन प्रणालीले निषेध गरेका कारण ठूल्ठुला आन्दोलन भएर राजतन्त्रको अन्त भयो । तर विचारभन्दा धनलाभ सत्ताको एकल एजेण्डा यथावत् रह्यो ।

मुट्ठिभर सामन्ती शासकको स्वेच्छाचारिताले आफ्ना आफन्तको स्वार्थबाहेक जनताको अपेक्षा सम्बोधन गर्न सकेन भनेर राजाको विरूद्ध समाजवाद र साम्यवादको स्कूल खोलेर जनताको जनचेतना बढाउने प्रयास गरि ठूल्ठुला जनआन्दोलन ल्याएर नयाँ दर्शनशास्त्रीहरू सत्तारोहण गरे । तत्कालीन शासकभन्दा फरक जन अपेक्षा पूरा गर्ने लोकतान्त्रिक शासन पद्धतिद्वारा देशलाई समृद्ध बनाउने प्रतिबद्धता अनुसार लोकतान्त्रिक सरकार बन्यो । राज्यसत्ता हस्तान्तरण हुँदा त्यसको प्रमुख अंगको रूपमा रहेको लूटतन्त्र पनि सहजै हस्तान्तरण भयो । तत्कालिन सत्तामा "निरंकूश लूटतन्त्र" लाई सहजै पचाउन नसक्ने समाजवादी र साम्यवादीहरूले हस्तान्तरण भई आएको लूटतन्त्रलाई "लोकतान्त्रिक लूटतन्त्र" को आवरणमा स्वीकार गऱ्यो । यसरी यो पारम्पराले निरन्तरता पायो ।

उदारवादी सामन्तहरूको जत्था नेपाली काँग्रेस र तत्कालीन एमाले ०४६ सालपछि लूटतन्त्रको भव्य महलमा प्रवेश गरेपछि त्यहाँको सौंन्दर्य र आरामदायी वातावरणले विस्तारै जनताप्रति उदासीन बनायो । त्यहाँभित्र शक्तिकेन्द्रहरूको असिमित खजानाले सबैलाई लोभ्यायो र भ्रष्ट बनायो । यिनीहरू "पहिले आफ्नो भित्र, अनि देवता पित्र" भन्ने उखान चरितार्थ गर्नेतर्फ लागे । सत्तामा नआई यो "स्वर्गभोग" प्राप्त हुँदैन । सत्तामा आउन महँगो चुनाव लड्न पैसा नभई हुँदैन । यही उद्देश्य सबैको सिद्धान्त बन्यो । जन अपेक्षाप्रति उदासीन बनेको लोकतान्त्रिक सरकार बदनाम भयो । त्यहीबेला दायित्व र जिम्मेवारी वहन गर्न नसक्ने निकम्मा सरकारको विरूद्ध जनताको असन्तुष्टतालाई समेटेर माओवादीले सशस्त्र युद्ध संचालन गऱ्यो । यसले निकै जन समर्थन पाएर सहजै सत्ता आरोहण गऱ्यो ।

माओवादी लूटतन्त्रमा युद्धकालदेखि नै अभ्यासरत रहेकोले उनलाई सम्वैधानिक लूटतन्त्रको भव्यमहलमा बडो आदरका साथ प्रवेश गराईयो । अब त्रिकोणात्मक शक्ति नेपाली काँग्रेस, एमाले र माओवादी (ब्रह्मा, विष्णु र महेशको रूपमा) स्वर्गमा निर्बाध स्थापित भए । यसरी यहाँ सतहमा अभ्यासमा लोकतान्त्रिक शासन पद्धति देखिएपनि यसको पार्श्वमा लूटतन्त्रको परम्पराले नै निरन्तरता पाएको थियो । शीर्ष नेताहरू जित्न कै लागि चुनावमा ८-१० करोडसम्म खर्च गरि जसरी पनि सत्तामा बनि रहने तथा कुबेरको भण्डारबाट भागबण्डा लिई रह्ने उद्देश्यबाहेक उनीहरूमा अरू केही देखिदैन । जनताका लागि सतही रूपमा केही सुधारका कुरा देखाएर चोखो बनि रह्ने सबैको समान उद्देश्य छ ।

परम्परागत रूपमा संस्थागत भएका लूटतन्त्रले भ्रष्टाचारको अभेद्य दुर्ग नै बनाई सकेको छ । राजतन्त्रले देशको ढुकुटी नै सिध्यायो भनेर गगनभेदी आवाज घन्काउने परिवर्तनकारी शक्तिको पालामा चरम भ्रष्टाचार भएको कुरा यत्र तत्र सर्वत्र भएको छ । व्यक्तिगत धनलाभको प्रवृतिले सबैको सैद्धान्तिक धरातल खस्काई दिएको छ । पैसाका लागि जेपनि गर्ने कथित राजनेताहरूलाई न राष्ट्रियता छ, न नैतिकता नै । न दायित्व बुझ्छ, न जिम्मेवारी नै । सत्तामा आउने, भ्रष्टाचार गरि चुनावका लागि अकूत सम्पत्ति कमाउने, चुनाव लड्ने फेरि सत्ता प्राप्त गर्ने यही प्रक्रियामा अहिले भएका राजनीतिक दलहरू लिप्त छन् । हारेका वा जिम्मेवारी नपाएका नेकपा कै शीर्ष नेताहरू यो सरकारभन्दा राजालाई असल देखाएर क्रान्तिकारी भाषण गर्न चुक्दैन ।

जतिसुकै क्रान्तिकारी भाषण गरेपनि सबैको उद्देश्य भ्रष्टाचार गर्ने नै हो । सुशासन मृगतृष्णा जस्तै जनतालाई भ्रममा राख्ने शासकवर्गको साजिश मात्र हो । यहाँको भ्रष्टाचार राजनीतिक नारा होइन, तथ्याँकीय प्रमाणका आधारमा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित भएको छ। दुईतिहाई बहुमत ल्याउने नेपालको पहिलो ऐतिहासिक सरकार नेपालको यावत् समस्या हल गर्ने जनताको आशालाई निराशामा परिणत गरि दिएको छ । सरकारलाई के कति कारणले अकर्मण्यता छोएको छ, थाहा छैन । जिम्मेवारी र दायित्व बिर्सेको अवस्थामा शासनको बागडोर गतिहीन हुन्छ र देश यथास्थितिमा धेरै दिन रह्न सक्दैन । त्यसैले विभिन्न बहानामा जनआक्रोश फुट्न थालेको हामीले देख्न थालेका छौं ।

लोकतन्त्र आएको ३० वर्ष भयो । देशको उन्नति, प्रगति, आत्मनिर्भरता, धर्म, संस्कृति, नैतिकता, ईमान्दारिता, सामाजिक सद्भाव, स्वाभिमान सबै भडखालोमा जाकिएको छ । राजनीतिमा यी कुराहरू केही नभएर छल, कपट, जाल, फरेव, धोका, नैतिकहीनता तथा भ्रष्टाचार मात्र रहेकोले देशमा शक्तिशाली सरकार भएपनि चारैतिर असन्तोष, विरोध र अराजकताको वातावरण विद्यमान छ। देशमा सरकार भएको अनुभूति जनताले गर्न पाई रहेको छैन । आफ्नो धर्म संस्कृति, स्वाभिमान बेचेर भएपनि शीर्ष नेता भनाउँदाहरू शक्तिकेन्द्रहरूसंग पैसा थुत्ने भिखारी जस्तै चरित्र बनाएका छन् ।

नेपालमा ८० प्रतिशत हिन्दू धर्मावलम्बीहरूको बसोवास रहेको अवस्थामा क्रिश्चियनहरूसंग पैसा खाएर देशलाई धर्मनिरपेक्ष बनाउने धुरन्धर राजनीतिज्ञहरू १३ वर्षमा न उत्पादनको क्षेत्रमा प्रगति गर्न सक्यो न उद्योगधन्धालाई गतिशीलता प्रदान गर्न सक्यो । प्रगति चाहिं के देखिएको छ भने क्रिश्चियनको संगठन व्यापक विस्तार भएको छ । शीर्ष नेताहरू अब खुल्लमखुल्ला हिन्दूधर्मको विरोधमा भाषण गर्दै ईसाईधर्मको प्रचारक बनी हिंडी रहेको देखिन्छ । यिनी परिणामको वास्ता नगरि हिन्दूधर्म मास्ने हिसावले क्रिश्चियनसंग पैसा लियो, अब कसैले हिन्दूधर्मको संरक्षण गर्न पैसा दियो भने यिनी त्यो सम्झौता गर्न पनि पछाडि हट्दैन ।

संस्थागत भ्रष्टाचारको अभेद्य दुर्गको रूपमा रहेको राज्यसत्ता अगाडि जो आए, निस्तेज भएर आत्म समर्पण गरे। देशको बहुमुखी विकासका वैज्ञानिक एजेण्डाहरू अवधारणा पत्रमा लेखे पनि राज्यसत्तामा जाँदा उसकै अवधारणामा हिंड्न नेताहरूलाई आनन्दानुभूति भएकोले सबैले बाहिरका मन्त्र बिर्सेका छन्। जनतालाई उचालेर यिनले आन्दोलन गराए। जनताका छोराछोरीलाई शहादत दिलाए। जो बचे उनलाई विदेश जान बाध्य पारे । न आफ्नो अस्तित्व बचाउन सक्यो, न जनता न देशको । जेसुकै भएपनि यिनको देश बेचेर भएपनि पैसा कमाउने बानीमा किञ्चित परिवर्तन आएको देखिदैन ।

ईसाईकरण गरेर नेपाललाई कब्जा गर्न लागेको विदेशी ताकत अब यहाँ आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप गर्न लागेका घटनाहरू सार्वजनिक हुन लाग्दा नेपालको अस्मिता खतरामा गएकोबारे बल्ल नेपाली जनताको चेत खुल्न थाल्यो र कुना काप्चाबाट हिन्दू राष्ट्र बनाउने आवाज सशक्त रूपमा उठ्न थाल्यो । नेपाली जनताको ठूलो हिस्सामा ईसाईको स्थाई प्रभाव रहेको कुरा यहाँ अब राष्ट्रिय समस्याको रूपमा आएको छ ।

ईसाईकरण गरेर नेपाललाई कब्जा गर्न लागेको विदेशी ताकत अब यहाँ आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप गर्न लागेका घटनाहरू सार्वजनिक हुन लाग्दा नेपालको अस्मिता खतरामा गएकोबारे बल्ल नेपाली जनताको चेत खुल्न थाल्यो र कुना काप्चाबाट हिन्दू राष्ट्र बनाउने आवाज सशक्त रूपमा उठ्न थाल्यो । नेपाली जनताको ठूलो हिस्सामा ईसाईको स्थाई प्रभाव रहेको कुरा यहाँ अब राष्ट्रिय समस्याको रूपमा आएको छ । यी सम्वेदनशील समस्याप्रति चीन र भारत पनि गम्भीर भई नेपालको अस्मिता जोगाउन हिन्दू राष्ट्र हुनु पर्ने आवश्यकतालाई सहर्ष स्वीकार गरेको छ । हेरौं यो परिस्थितिमा अहिलेको सरकार कसरी बिजनेस गर्दछ ।

*janukjha24@gmail.com*

# जनकपुरधाम उपमहानगरलाई खुल्ला पत्र


सरोज मिश्र मास

*श्रीमान् मेयर साहब*

*जनकपुरधाम उपमहानगर कार्यालय, जनकपुरधाम ।*

*विषय : सडक विस्तार सम्बन्धमा ।*

उपरोक्त सम्बन्धमा निवेदन यो छ कि जनकपुरधामको सम्पूर्ण विकास निर्माणको काम यस कार्यालयद्वारा मनोमानी ढङ्गले हुने गरेको हुँदा, आम जनताको विरोधलाई मेयरको विरोध गरेको मात्र बुझ्ने परम्परा एकदम गलत रहेको छ ।

विकास पुरूष स्वर्गीय मकेश्वर प्रसाद सिंह ज्यूको नेतृत्वमा विगत पंचायतकालमै हालको जानकी मन्दिर पूर्व तर्फको फुलबारीमा बसोबास गरिरहेको नागरिकलाई अरू ठाउँमा व्यवस्थापन गरि खाली गराए पश्चात त्यो जग्गालाई सौन्दर्यीकरणको रूपमा मन्दिरको फुलबारी बनाएका थिए । त्यस बेला खाली गराउँदा हृदयघातले जग्गा धनिको मृत्यु समेत भएको इतिहास छ ।

तर पनि अदूरदर्शी सोच राखी हालै आईयूडीपी परियोजनाअन्तर्गत जानकी मन्दिरको पूर्व पर्खाल एवं पूर्व उत्तर, दक्षिण पर्खाल भत्काएर बनाउँदै गरेको सडक जनता र जनकपुरको हितका लागि नभई विगतदेखि हालसम्म त्यस क्षेत्र वरिपरी रहेका व्यक्तित्वहरूको हितका लागि मात्र रहेको हाम्रो बुझाई छ ।

मन्दिर वरिपरिको संरचना ३१ फिटभन्दा बढ़ी अग्लो नबनाउने निर्णय सायद श्रीमान्लाई समेत जानकारी होला ?

मन्दिरलाई विश्व सम्पदा सूचिमा लग्ने प्रयासका लागि अधिकांश प्रयास गर्ने मध्येका एक सायद श्रीमान् पनि हुनुहुन्छ होला ? तर आज केही जमातलाई खुसी पार्नका लागि तपाईद्वारा बनाइँदै गरेको नजिर मन्दिरको भविष्यमाथि खतरा उत्पन्न हुने प्रष्ट देखिन्छ ।

पूर्व सडक विस्तारका क्रममा मन्दिरको पर्खाल भत्काउने मेयर साहबले, पश्चिम र उत्तरतर्फ सडक विस्तार हुँदा फेरि पनि मन्दिरको पर्खाल र जग्गा माथि कुदृष्टि राख्ने सम्भावना बढेको र पश्चिम, दक्षिणको घर धनीलाई उक्साएको देखिन्छ ।

मेरो निवेदन यो छ कि त्यहाँ विकासको एकदमै खाँचो भएको हुनाले मन्दिरको सम्पूर्ण पर्खाल भत्काइ त्यस क्षेत्रका लागि आलीशान पार्किंगसहितको ५२ फिट सडक कायम गर्दा राम्रो होला । रामानन्द चौकदेखि जानकी मन्दिरसम्मको सडकलाई कम्तिमा ५२ फिट गर्नु पर्ने मेरो मान्यता छ। किनभने अंचल अस्पताललाई प्रादेशिक अस्पताल बनाउने योजना पनि हाम्रा विकास पुरूष नगर पिता ज्यूलाई थाहा होला । त्यस्तो व्यस्त सडकलाई ५२ देखि तल झार्नु कुनै विशेष कारण होला कि ?

मन्दिरलाई विश्व सम्पदा सूचिमा पार्ने प्रयास नगरी गरिँदै गरेको देखावटी विकासबाट अवकाश लिई दीगो र पृथक विकास पुरूषको रूपमा आफूलाई चिनाउने र पदीय दम्भलाई साबित गर्ने मौका नगुमाई बकसियोस् । श्री ५ र श्री ३ का सरकार गए पनि सामाजिक विभेद, सांस्कृतिक विभेद बोकेको सरकार जीवित नै रहेको पुष्टि होस् ।

कार्यालयको नगर प्रहरीदेखि सम्पूर्ण सफाई कर्मचारी तपाईको हरेक गलत क्रियाकलापमा आदेश पालकको रूपमा विरोध गर्नेको आवाज दबाउन तत्पर र तैयार नै छन् र यस कार्यका लागि हाम्रो जिल्लाका प्रशासनको सहयोग पनि श्रीमान्ले राम्ररी पाइराख्नु भएकै छ । महन्थको मनशाय पनि मन्दिरलाई कुनै पनि हालतमा विश्व सम्पदा सूचिमा नजान दिने नै छ श्रीमानको अलिकति उपस्थितिले विश्वमा जनकपुरधामलाई चिनाउने त्यो मंदिर जनकपुरको अन्य मंदिर जस्तै आफ्नो अस्तित्व गुमाई जनकपुरको पुरातात्विक र धार्मिक इतिहास नष्ट गर्न ठूलो सहयोग हुनेछ ।

श्रीमान् हाम्रो आग्रह स्वीकार गरि मन्दिरको चारै तिरको सडकलाई रनवे बनाई मन्दिर प्रांगणलाई पार्किंग बनाउनु हुन्छ कि भनी विश्वास गरेको छु र वरिपरिको घरधनीहरूलाई ६२ फिट अग्लो भवन निर्माण गर्न इस कार्यालयबाट मुआब्जासमेत उपलब्ध गराउनु हुनेछ ।

धन्यवाद

# संशोधन मधेशको मात्र होइन, देशकै मुद्दा हो

संविधान संशोधन आश्यकता त हुँदै हो औचित्य पनि पुष्टि भइसकेको छ । विगतमा कांग्रेस र माओवादीले संविधान संशोधनका लागि मतदान गरेको हो । मधेशवादी दलको अझ बढी जिम्मेवारी रहेको छ । हाम्रो ठूलो त्याग र बलिदानबाट यो संविधान बनेको हो । गणतन्त्रात्मक लोकतान्त्रिक संविधान संविधानसभाबाट जारी हुनु नेपालको लागि गर्व गर्न विषय पनि हो ।



**महेन्द्र राय यादव**
**अध्यक्ष मण्डलका सदस्य**
**राष्ट्रिय जनता पार्टी नेपाल**

**० संविधान जारी भएको चार वर्ष भइसक्यो, तर तपाईहरूले संविधानप्रति अपनत्व महसुस नगरेर अहिलेसम्म विरोध गर्दै हुनुहुन्छ । अब पनि संविधानको विरोध गर्नु उचित हो ?**

– संविधानसभाबाट संघीयतासहितको संविधान निर्माण गर्नुपर्छ भन्ने नेपाली जनताले गरेको आन्दोलनको माग हो । त्यसै आधारमा अन्तरिम संविधान एउटा सहमतिको दस्तावेज थियो । १६ बुँदे सहमतिको आधारमा ४ पक्ष मिलेर जसरी संविधानको घोषणा गरे, त्यतिबेला पनि हामीले विरोध गरेका थियौं । संविधान सहमतिको दस्तावेज बनोस् सबैको अपनत्व होस् भन्ने हाम्रो चाहना थियो । तर तात्कालीन चार पक्षले हाम्रो मागलाई उपेक्षा गरे र २०७२ असोज ३ गते संविधान जारी गरे । हामीले त्यो रात ब्याल्क आउट गर्‍यौं । संघीयता, लोकतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशी जस्ता उपलब्धीहरू हामीले यो संविधानबाट पाएका छौं । यी विषयहरू सकारात्मक हुन्, जुन हाम्रो आन्दोलनको पनि माग थियो । यो संविधानमा हामीले संशोधनको विषय उठायौं । एक चरणमा संशोधन पनि भयो । अहिले पनि संविधान संशोधनको लागि संसदमा माग पेश भएको छ । त्यसमा बहस भएको छैन, विचाराधीन छ ।

संसदमा संविधान संशोधनको लागि दर्ता भएको अवस्था थियो । संविधान संशोधन होला भन्ने आशा र संविधानबाट प्राप्त उपलब्धी रक्षाका लागि हामीले निर्वाचनमा सहभागिता जनायौं । जनताले हामीलाई संविधान संशोधनको शर्तमा मत दिए र अहिले प्रदेश २ मा समाजवादी र राजपाको संयुक्त सरकार संचालनमा रहेको छ । संविधानका केही दफा उपदफामा अहिले पनि हाम्रो असहमति छ । संविधानमा भएका उपलब्धीलाई रक्षा गर्दै असहमतिहरूका विषयहरूलाई यही संविधानमा दुई तिहाईको सरकारले समेटोस् भन्ने हाम्रो ध्येय हो । यो मधेशको मात्र होइन देशको नै मुद्दा हो ।

**० संविधानका जुन धाराले जनतालाई विभेद गरेको छ त्यस विषयमा जनता माझ नगएर किन संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउनुहुन्छ ?**

- संविधान संशोधन हुन्छ भनेर हामीले सरकारलाई समर्थन दिएका पनि थियौं । ज्ञापन पत्र बुझाउने, समय समयमा भेटेर के हुँदैछ भनेर जानकारी लिने काम पनि हामीले गर्‍यौं । संसदमा पटक-पटक आवाज उठाएका पनि हौं । यी सबै हामीले जनतालाई जानकारी गराएका छौं । असोज ३ गते जारी भएको संविधान हाम्रो असहमतिमै जारी भएको हो भनेर जनतालाई हामीले पटक-पटक भनेका छौं । यस पटक सरकारले उर्दी जारी गरेर संविधान दिवस मनाउन आग्रह गर्दा पनि जनताले स्वस्फूर्त रूपमा दिवस मनाएन । संविधान भनेको अपनत्वको विषय पनि हो, उर्दी जारी गरेर मनाउनुको कुनै अर्थ छैन । यो दुई तिहाईको सरकार हो । यसले मुलुकको समस्या समाधान गर्न सक्छ । देशमा शान्ति र स्थिरताका लागि यो सरकार बढी जिम्मेवार भएर अगाडि आउनुपर्छ । अहिले त संविधानमा लेखिएका विषयहरू पनि उल्लघंन भइरहेको छ । समानुपातिक समावेशी प्रतिनिधित्व भएर संविधानमा नै उल्लेख गरिएको छ तर स्थानीय तहमा लोकसेवाले कर्मचारी माग गर्दा संविधान विपरित विज्ञापन गरियो । देशमा उत्पीडन र विभेदमा परेका समुदायले संविधानसभाबाट संविधान बन्नुपर्छ भन्नेर उठाएको मागलाई १ बुँदे सम्झौता गरेर जसरी संविधान जारी गरियो । यसले लामो आयु पाउँछ भन्ने मलाई लाग्दैन । फेरि त्यसमा कारक हामी होइनौं यही दुई तिहाईको सरकार नै हो ।

**० विगतमा तपाईहरूको सहयात्री पार्टी तत्कालीन फोरम नेपाल र राजपा नेपालले मधेशभरी नै विरोध दिवस मनाएका थिए तर अहिले समाजवादी पार्टी सरकारमा छ र मौन छ । तपाईहरूको विरोध पनि खासै प्रभावकारी देखिएको छैन ? सरकारले पनि आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्ने भन्दै आएको छ ?**

– संविधान संशोधन आश्यकता त हुँदै हो औचित्य पनि पुष्टि भइसकेको । विगतमा कांग्रेस र माओवादीले संविधान संशोधनका लागि मतदान गरेको हो । मधेशवादी दलको अझ बढी जिम्मेवारी रहेको छ । हाम्रो ठूलो त्याग र बलिदानबाट यो संविधान बनेको हो । गणतन्त्रात्मक लोकतान्त्रिक संविधान संविधानसभाबाट जारी हुनु नेपालको लागि गर्व गर्न विषय पनि हो । निर्वाचन प्रक्रिया र जनमतद्वारा वैधानिकता मार्फत नै संविधान संशोधन गर्ने हो यो भन्दा अर्को विकल्प नै छैन । संविधान संशोधनकै मुद्दा लिएर हाम्रो सहयात्री पार्टी सरकारमा सहभागी भएको हो । उनीहरूको बढी दायित्व छ । उनीहरू काम गर्न सक्ने ठाउँमा छन् ।

**० केपी ओली नेतृत्वको सरकारले संविधान संशोधन गर्छ भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

- मुलुकलाई द्वन्द्वबाट बाहिर ल्याउने र यो संविधानलाइ सबैको साझा बनाउने र पूर्णता दिने सरकारका लागि अवसर पनि हो र जिम्मेवारी पनि छ । यो जिम्मेवारीलाई नबुझेर आवश्यकता र औचित्यका आधार खोज्दै गयो भने देशमा पश्चिमी शक्तिको प्रभाव बढ्दै जान्छ । रेशम चौधरी अहिलेसम्म जेलमै छन् । हाम्रा सैयौं कार्यकर्तामाथि अहिले पनि झुटा मुद्दा लगाइएको छ, हजारौं मानिस आन्दोलनको समयमा अपांग भएका छन् । उपचार खर्च पाईरहेका छैनन् । लाल आयोगको प्रतिवेदन सार्वजनिक भएको छैन । यस्ता द्वन्द्व समस्याहरू कहिलेसम्म रहिरहन्छ । यस्ता मुद्दाहरू समयमा नै सम्बोधन नगर्ने हो भने संविधान माथि नै खतरा आइपर्न पनि सक्छ । हामीले पाएका उपलब्धीहरू पनि यत्तिकै गुम्ने अवस्था पनि आउन सक्छ त्यसैले समयमै सचेत हुन जरूरी छ ।

**० कार्तिक २८, २९ र ३० गते महाधिवेशनको मिति तोक्नुभएको छ तर त्यसको खासै तयारी त देखिंदैन नि ? समाजवादी पार्टीसँग एकीकरणको विषय पनि चलिरहेको छ पहिले पार्टी एकीकरण हो कि पहिले एकीकरण ?**

– हाम्रो पार्टीले महाधिवेशन र पार्टी एकीकरण पनि गर्ने नीति लिएको छ । एकीकरणको विषयमा छलफल गर्न हामीले वार्ता टोली नै गठन गरेका छौं । वार्ता टोली अनौपचारिक रूपमा छलफल गरिरहेको छ । दुवैतर्फबाट वार्ता जारी छ र हामी एकीकरणका लागि सकारात्मक छौं । नेपालको राष्ट्रिय राजनीतिको शक्ति सन्तुलन बदलिसकेको छ । देशमा एउटा वैकल्पिक शक्ति चाहिन्छ । राजपा र समाजवादीको एकताले एउटा वैकल्पिक शक्तिको निर्माण हुन्छ । मधेशी, आदिवासी, जनजातिको चाहना पनि छ । पार्टी एकीकरण होस् भन्ने चाहना आम जनताको पनि छ । यो पार्टी एकीकरण भएको खण्डमा देशमा उत्पीडनमा परेका समुदायले माथि उठ्ने मौका पाउनेछन् । दुई पार्टी एकता होस् र एकताको महाधिवशेन होस् भन्ने सबैको चाहना हो । त्यसैले नै दुवै पार्टीले आफ्नो महाधिवेशन ६ महिनााका लागि सारेका हुन् ।

**० एकता पहिले कि महाधिवेशन पहिले ?**

- एकता प्रमुख विषय हो । वार्ताको टेबुलमा हामी छौं । यहाँ रहुन्जेलसम्म महाधिवेशनको वातावरण त बन्दैन । एकता गर्ने र संयुक्त महाधिवेशन गर्नु सबैभन्दा उपयुक्त हुन्छ । यसरी गर्दा वैकल्पिक शक्ति निर्माण हुनसक्छ । मधेशको मात्र होइन यो राष्ट्रकै माग हो ।

**० राजपा र समाजवादी पार्टीको एकीकरणको आवश्यकता किन ?**

– हामीले ६ पार्टी मिलेर राजपा नेपाल निर्माण गर्‍यौं । त्यो देश र जनताको चाहना थियो । हामी ६ पार्टी त एक भयौं हाम्रो एउटा पार्ट समाजवादी पार्टी बाँकी नै छ । उसलाई पनि समेट्नुपर्छ भनेर हामीले मलेठ घटना हुँदा संकल्प गरेका थियौं । यो देशमा कांग्रेस र कम्युनिष्टले मधेश र जनजातिको मुद्दामा एक ठाउँमा छन् हामी एक वैकल्पिक शक्तिको रूपमा आएर मधेशी जनजातिको मुद्दालाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ ।

---

# हिन्दी अब भारतकै भाषा रहेन

हिन्दी परापूर्वक कालदेखि नै बहुसंख्यकले बोलिने भाषा हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा हिन्दी भाषाको माध्यमले नेपालको विशेषतालाई अझ व्यापक बनाउनका लागि हामीले यो सम्मेलन गर्दैछौं । यसमा कुनै देशको प्रभाव वा प्रोत्साहनको कुनै पनि स्थान छैन ।



**मंगल प्रसाद गुप्ता**
**अध्यक्ष, हिन्दी मञ्च नेपाल**

**० हिन्दी मञ्च नेपालको उद्देश्य के हो ?**

– नेपाल निर्माण हुनुभन्दा पहिलेदेखि नै हिन्दी भाषा सम्पर्क भाषाको रूपमा रहँदै आएको थियो । १६ औं शताब्दीमा नेपाल र भारत बीच कुराकानी हुँदा अंग्रेजी भाषा प्रयोग गर्ने प्रचलन थिएन । त्यतिबेलादेखि नै सम्पर्क भाषाको रूपमा हिन्दी भाषा नै चल्दै आएको छ । हिन्दी भाषालाई नेपाल र भारतको सम्पर्क भाषाको रूपमा स्थापित गर्नु यो संस्थाको उद्देश्य हो । अहिले पनि संसारभर जहाँ नेपालीहरू पुगेका छन्, त्यहाँ वैकल्पिक भाषाको रूपमा हिन्दी भाषाकै प्रयोग हुन्छ ।

**० नेपालमा हिन्दी भाषाको विरोध पनि हुने गरेको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– सबैको आ-आफ्नो विचार हुन्छ तर जसले विरोध गरिरहेका छन्। उसले पनि हिन्दी भाषा बोलिरहेका हुन्छन् । चुनावको समयमा पहाडबाट प्रचारप्रसारका लागि नेताहरू तराई जाँदा मलाई मैथिली, भोजपुरी आउँदैन त्यसकारण म हिन्दी भाषा बोल्छु भन्छन् । सम्मेलन, महोत्सव, भाषणहरू लगायत अन्य विभिन्न कार्यक्रमहरूमा पनि हिन्दी भाषाकै प्रयोग हुने गरेको छ । विरोध गर्ने व्यक्तिहरूसँग पनि हिन्दी भाषाको विरोध गर्नुको कुनै तार्किक आधार छैन । हिन्दी बोल्दै गर्दा यसको विरोध गर्नु उचित होइन ।

**० हिन्दी मञ्च नेपालको आगामी कार्यदिशा के हो ?**

– सुरूदेखि नै म हिन्दी भाषाप्रति धेरै आकर्षित छु । मैले हिन्दी भाषा विषयमा धेरै कामहरू पनि गरेको छु । आजभन्दा केही वर्ष पहिले नेपाली विद्यार्थीहरू भारतमा पढ्नका लागि जान्थे । उनीहरूको पढाइको भाषा पनि हिन्दी नै हुन्थ्यो । अहिले केही वर्षयता भारतमा अंग्रेजी माध्यममा पढाई हुन थालेको छ । यही सन्दर्भमा म संयुक्त राष्ट्र संघमा पनि गएको थिएँ । त्यहाँ धेरै देशबाट उच्च तहका व्यक्तिहरू उपस्थित हुनुहुन्थयो । त्यहाँ हिन्दी भाषालाई पनि राष्ट्रसंघको भाषाको रूपमा मान्यता दिन अनुरोध गरें । त्यो सम्मेलनमा संयुक्त राष्ट्र संघका पूर्व महासचिव वान कि मुन पनि उपस्थित हुनुहुनथ्यो । उहाँले पनि संसारमा हिन्दी भाषा बोल्ने मान्छेहरू धेरै छन् यो भाषालाई राष्ट्रसंघको भाषाको रूपमा मान्यता दिन म प्रयास गर्छु भन्नुभएको थियो । धेरै देशहरूले यसको समर्थन पनि गरिसकेका छन् । नेपालमा पनि हिन्दी भाषा आम भाषाको रूपमा, सम्पर्क भाषाको रूपमा प्रचलित भइसकेको छ । यसकारणले हिन्दी भाषालाई अझ व्यापकता दिन र नेपालको महत्वको बारेमा र यहाँ रहेका अन्य गौरवका विषयहरूलाई हिन्दी भाषामा अनुवाद गरेर विश्वमा नेपाल बारेमा जानकारी गराउन सजिलो हुने भएकाले हिन्दी भाषाको विकास गर्न म लागि परेको छु ।

**० तपाईहरूले नेपालमा के-कस्ता कार्यक्रमहरू संचालन गर्दै आउनुभएको छ ?**

– नेपालमा हाम्रो संस्था हिन्दी मञ्च नेपाल दर्ता भएको छ । यस अन्तर्गत हामीले अन्तर्राष्ट्रिय हिन्दी सम्मेलन आयोजना गर्ने विचार गरेका छौं जसमा अमेरिका, इङ्गल्याण्ड, मौरिसस लगायतका २५ देशका हिन्दी प्रेमीहरूलाई आमन्त्रित गर्ने योजना बनाएका छौं र यो सम्मेलन सन् २०२० को जनवरी १०, ११, १२ मा गर्ने हाम्रो योजना रहेको छ । यसमा विभिन्न देशहरूबाट कार्यपत्र पनि प्रस्तुत हुन्छ । त्यो कार्यपत्रहरूमाथि छलफल, टीकाटिप्पणी हुन्छ । त्यसपछि १२ जनवरीमा काठमाडौं घोषणा पत्र जारी गरिनेछ । अन्य देशहरूले पनि हिन्दी भाषाको विकासमा कत्तिको सहयोग गर्न सक्छन् । मापदण्ड निर्धारण गरिन्छ र विश्वव्यापी रूपमा हिन्दी भाषाको विकासका लागि हामी प्रयासरत रहन्छौं ।

**० काठमाडौंमा हिन्दी सम्मेलनको आयोजनाबाट हामीले के अपेक्षा गर्न सक्छौं ?**

– त्यसबाट हिन्दीको विकासका लागि अवसर प्रदान हुन्छ भन्ने लागेको छ ।

**० हिन्दी भाषालाई नेपालमा विस्तार गर्न खोज्दा तपाईहरूमाथि भारतको अभियानी भन्ने आरोप लाग्न सक्छ नि ?**

– भाषा भनेको मानवीय जीवनको भावना व्यक्त गर्ने एउटा साधन हो । कुनै पनि भाषामा आफ्नो विचार व्यक्त गर्न सकिन्छ । हिन्दी भाषा बोल्ने बित्तिकै भारतको प्रभाव हो वा भारतकै अभियानीहरू हुन् भन्नु गलत हो । किनकी हिन्दी कसैलाई मन पर्ने भाषा पनि हुनसक्छ । हिन्दी परापूर्वक कालदेखि नै बहुसंख्यकले बोलिने भाषा हो । राष्ट्रिय तथा अन्तराष्ट्रिय जगत्मा हिन्दी भाषाको माध्यमले नेपालको विशेषतालाई अझ व्यापक बनाउनका लागि हामीले यो सम्मेलन गर्दैछौं । यसमा कुनै देशको प्रभाव वा प्रोत्साहनको कुनै पनि स्थान छैन ।

**० नेपालमा केपी ओली नेतृत्वको दुई तिहाई बहुमतको सरकार छ, यो सरकारले भारतसँग कस्तो सम्बन्ध बनाउन सकेको छ ?**

– नेपालको भारतसँग सम्बन्ध पहिलेदेखि नै राम्रो चल्दै आएको छ र वर्तमानमा पनि राम्रो सम्बन्ध छ र भविष्यमा पनि यसको विकल्प छैन । नेपाल र भारतको जहिले पनि राम्रो सम्बन्ध रहनेछ । बीचबीचमा फरक-फरक राजनीतिक दलहरू सत्तामा आउँदाखेरी उनीहरूको आफ्नो विचार हुन्छ । विषयगत कारणले विचारमा भिन्नता हुनसक्छ तर सम्बन्ध खराब हुन सक्दैन । नेपाल र भारतको सम्बन्ध सरकार-सरकारको बीचमा मात्र सीमित छैन । दुई देशका जनताका आपसी सम्बन्धले गर्दाखेरी सरकारका कारणले मात्र सम्बन्ध खराब हुन्छ भन्ने छैन त्यसकारण जुनसुकै पार्टीको सरकार आएपनि नेपाल र भारतको सम्बन्धमा कुनै असर पर्दैन ।

**० नेपालको राजनीतिमा भारतको प्रभाव कति परेको देख्नुहुन्छ ?**

– प्रत्येक देश छिमेकी राष्ट्रसँग कुनै न कुनै कारणले सम्बन्धित रहेको हुन्छ । त्यसलाई नकारात्मक रूपमा लिनुहुँदैन । नेपाल र भारतबीच, जनता-जनताबीच राम्रो सम्बन्ध रहेको छ । तराई-मधेश र भारतसँग त रोजीबेटीको, भाषाको पनि सम्बन्ध छ । पहाडका धेरै मान्छेहरू भारतमा रोजगारीका लागि जान्छन्, नेपाली गोर्खाहरूलाई भारतको सेनामा बहादुरीको रूपमा हेरिन्छन् । सम्बन्धको विकास हुँदै गएको छ । राजनीतिक उतारचढावका कारण दुई देशबीच विभिन्न समस्याहरू आउँछन् त्यो विषयलाई गम्भीर रूपमा लिएर दुई देशबीचको सम्बन्ध नै समाप्त हुने हो कि भनेर सोच्न जरूरी छैन ।

**० तराई-मधेशको भारतसँग सिमाना जोडिएको छ तर भारतीय सेनामा मधेशका नागरिकको किन उपस्थिति हुन सकेन होला ?**

– सेनामा कुनैपनि देशबाट दक्ष व्यक्ति लगिन्छ । उनीहरूको आफ्नै क्राइटेरिया हुन्छ । गोर्खालीहरू अप्ठ्यारो ठाउँमा पनि युद्ध गर्न सक्छन् भन्ने विश्वास भइसकेको छ । त्यसकारण भारतीय सेनामा गोर्खा सैनिकलाई लिइन्छ । भारतमा नै बेरोजगारीको समस्या छ । बिस्तारै यो समस्या बढ्दै गएको छ त्यसकारण पहिले आफ्नै देशका युवाहरूलाई रोजगारी दिने उनीहरूको प्रयास भइरहेको छ । पछि उनीहरूलाई कामदारको कमी भयो भने तराई/मधेशबाट पनि कामदार त अवश्य लैजान्छन् ।

**० नेपाल र भारतको सीमामा देखिएका समस्या समाधानका लागि दुई देशस्तरीय प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)ले प्रतिवेदन तयार गरेको छ । त्यो प्रतिवेदन भारतका प्रधानमन्त्रीले अहिलेसम्म नबुझ्नुको पछाडि कारण के देख्नुहुन्छ ?**

– भारतका प्रधानमन्त्री वा उहाँका केन्द्रीय स्तरका नेताहरूले केही कुरा बुझ्ने वा केही विचारहरू राख्ने विषयहरू बाँकी नै होला । त्यसैले उहाँले नबुझ्नु भएको हुनसक्छ । जुन रिपोर्ट तयार भएको छ त्यो आधारमा काम गर्न अहिले तयार हुनुहुन्न कि यस्तै कारणहरू हुनसक्छ । नत्र समिति गठन भएपछि र निर्णय भइसकेपछि सबैले त्यसको अपनत्व त लिनैपर्छ ।

**० अहिले भारत जुन गतिले विकास गर्दैछ र विश्वमा उदयीमान शक्तिको रूपमा आफ्नो स्थान बनाउँदैछ । यसबाट नेपालले कत्तिको लाभ लिन सकेको छ ?**

– भारतमा जस्तो किसिमको परिवर्तन वा विकास भएपनि त्यसको छँया नेपालमा परिहाल्छ । विगतमा भारतमा कृषिमा भएको विकासले मधेशमा धेरै प्रभाव पारेको थियो । भारतले विकास गर्दा त्यसको फाइदा स्वत: नेपालमा परिरहेको हुन्छ । यसबाट नेपाल सरकारले पनि धेरै फाइदा लिइरहेको छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# राजमार्ग कि फोहरमार्ग ?



राकेशप्रसाद चौधरी

'न थुक्नु होला । पानीको बोतल र फोहर पनि नफ्याक्नु होला' कोसी ब्यारेज कट्नासाथ पथलैयासम्म पर्ने नेपाली सेना तथा सशस्त्र प्रहरीको ब्यारेक आउनुअगावै यात्रुलाई सहचालकहरूले यस्तै यसरी नै निर्देशनात्मक शैलीमा सुझाव दिने गर्छन् । कुनै यात्रुले पिसाब गर्न बस रोक्न लगाउँदा सहचालकले केही पर सुनसान जंगल-झाँडी, खेत आउन दिनुस् भन्दै सन्तोष राख्न आग्रह गर्ने गर्छन् । पूर्व-पश्चिम राजमार्गमा सञ्चालित सार्वजनिक दिवा तथा रात्रिसेवाका बसहरूमा यात्रा गर्ने जोसुकै यात्रुलाई सहचालकको यो निर्देशन ताजा नै लाग्नसक्छ । मानौं सेना र प्रहरीको ब्यारेकबाहेक राजमार्गमा फोहर फ्याक्न छुट छ । र, अन्त जे गरे पनि पाइन्छ ।

प्रदेश-१ मा पर्ने पूर्व-पश्चिम राजमार्गको दायाँबायाँ क्षेत्रमा फाट्टफुट्ट देखिने पानीको खाली बोतल कोसी ब्यारेज कटेर पथलैया पुग्दासम्म जताततै निस्फिक्री देखिन्छ । यात्रा गर्दा अरू कुरामा ध्यान नदिए पनि यात्रुले राजमार्ग र यसको दायाँबायाँ पानीका खाली बोतलले हातेमालो गरेको अवश्य देखिन्छ । मानौं प्लास्टिक बोतलले राजमार्गको बाटो निर्देशन गरिरहेको होस् । प्रदेश २ को कोसी ब्यारेजदेखि पथलैयासम्मको झण्डै २३१ किलोमिटर राजमार्ग क्षेत्रको मुख्य बजार लहान, बर्दिवास र चन्द्रपुर नगरपालिकाको बजार क्षेत्रमा पानीका बोतल यत्रतत्र नाला तथा सडकमा फ्याकिएको भेटिन्छ । प्रदेशको अस्थायी राजधानी जनकपुर हुँदै बिहान तथा राति छुट्नेमात्र नभई पूर्व-पश्चिम राजमार्गमा दिनभरि चल्ने सवारीले लहान, बर्दिवास र चन्द्रपुर बजार क्षेत्र आउनु अगाडि को जंगल, खोला खोल्सा एवं खुला क्षेत्रमा पिसाब गराउनकै लागि बसहरू रोक्ने गर्छन् । यी क्षेत्रमा यात्रु खुला ठाउँमै पिसाब गर्न बाध्य हुन्छन् । महिला यात्रु सम्पूर्ण पुरूष बसभित्र नगएसम्म पिसाब च्यापेर प्रतीक्षा गर्न बाध्य हुन्छिन् । यात्रा अवधिमा नफ्याकिएका पानीको खाली बोतलहरू यस्तै ठाउँहरूमा धमाधम फ्याक्ने गरिन्छ । खाली बोतल तथा चाउचाउ, बिस्कुट, भुजियाजस्ता खानेकुरा प्याकिङ भएका खाली खोलको बिसर्जनस्थल पनि यस्तै खुल्ला ठाउँ तथा सानो खोला खोल्सा नै हो ।

यस क्षेत्रमा खटिने सुरक्षाकर्मी र ट्राफिक प्रहरीले जाँचका क्रममा कागजपत्रबाहेक यात्रुको विषयमा खासै चाँसो राखेको देखिँदैन । बसभित्र फोहर र पानीको खाली बोतल राख्ने भाँडो किन छैन भनेर कुनै सुरक्षाकर्मीले आजसम्म नसोधेको चालक पल्टन मण्डलले बताए । पूर्व-पश्चिम राजमार्ग हुँदै काठमाडौंसम्म पुग्ने अधिकांश रात्रिबसले आफ्ना यात्रुलाई पानीको बोतल दिन्छन् तर त्यो खाली भएपछि के गर्ने भनेर आजसम्म सहचालकबाट निर्देशन नआएको नियमित यात्रा गरिरहने बर्दिवासका सञ्चारकर्मी विक्रम रौनियारले बताए ।

फोहरमैलाको उचित व्यवस्थापनका लागि स्थानीय तहले समेत आफ्ना नीतिनियम बनाउन सक्ने प्रावधान फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा छ । प्रदेश २ को पर्साबाहेक सातवटै जिल्लाको केही स्थानीय तहहरू पूर्व-पश्चिम राजमार्ग केन्द्रित छन् । ऐनले फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारणका लागि स्थानीय विकास मन्त्रीको अध्यक्षतामा एक फोहरमैला व्यवस्थापन परिषद् गठन हुने उल्लेख छ । साथै यस ऐनले स्थानीय तहबाट हुने कारबाही समेतको व्यवस्था गरेको छ ।

स्थानीय तहले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहरमैला निष्काशन गर्नेलाई स्थानीय तहले पहिलोपटक भए पाँच हजार रूपैयाँसम्म जरिवाना, दोस्रोपटक सोही कसुर गरेमा पाँच हजार रूपैयाँदेखि १० हजार रूपैयासम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रूपैयाका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्ने ब्यबस्था गरेको छ । साथै स्थानीय तहले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्नेलाई स्थानीय तहले तीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने प्रावधान रहेको अधिवक्ता बिकरू यादवले बताए । वातावरण संरक्षण ऐन, २०५३ ले समेत वातावरणमा असर पर्ने कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने ब्यबस्था गरेको छ । तर यो कानुन यस क्षेत्रका कुनै पनि स्थानीय तहले लागू गरेको छैन ।

यसैबर्षको अन्त्यसम्ममा जिल्लाहरूलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गराउनकै लागि केही स्थानीय सरकार (तह) हरूले स्वास्थ्य तथा सरसफाई सेवा ऐन बनाएका छन् । तर यो ऐन सर्वसाधारणको पहुँचमै छैन । साथै यो ऐन सम्बन्धित नगर तथा गाउँपालिकाको वेवसाइटमा समेत उपलब्ध छैन ।

बर्दिवास नगरपालिकाका प्रमुख बिदुर कार्कीले यो ऐन बनाएर लागू गरिसकेको बताए । सार्वजनिक शौचालय ब्यबस्थानबारे यसमा उल्लेख भए नभएको बारे प्रश्नगर्दा यसबारे सर्वेक्षण हुन बाँकि रहेको जानकारी दिए । उनले भने,'राजमार्ग क्षेत्रमा सार्वजनिक शौचालयको आवश्यकता छ तर यसबारे सर्वेक्षण भएको छैन।'

लहान, बर्दिवास, चन्द्रपुरलगायतको ठाउँहरूमा एउटा एउटा सार्वजनिक शौचालय रहेपनि यात्रुको नजरबाट निकै टाढा रहेको छ । साथै रात्री तथा दिवा सेवाका सार्वजनिक बसहरू यस स्थानमा कहिल्यै रोक्दैनन्, केहीबेर रोकिए ट्राफिक प्रहरीले धपाउने वा जरिवानाको पूर्जी काट्ने चालक विष्णु साहले बताए । राजमार्गमा कत्ति मिटरको दूरीमा सार्वजनिक शौचलय आवश्यक रहेको बारेमा कुनै स्थानीय सरकारले हालसम्म कुनै सर्वेक्षण एवं नीति अगाडि ल्याइएका छैनन । साथै यस विषयसँग सम्बन्धित कानुनको अभाव छ । स्थानीय तहले यस किसिमको कानुनी प्रावधानबारे कहीँकतै प्रचारप्रसार गरेको समेत नदेखिएको अधिकारकर्मी संजित दासले बताए । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७३ मंसिर १७ गते नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघसँग सहमति गर्दै पुस १ देखि सवारीसाधनभित्रै 'डस्टविन' राख्ने सहमति गरेको थियो । साथै सार्वजनिक यातायातबाट फोहर फ्याँक्दा जरिवानाको ब्यवस्थामा कडाई गर्ने सहमति भएको थियो । प्रत्येक सार्वजनिक यातायातमा ३० माइक्रोन माथिको पोलिथन थैला फोहर राख्ने सहमति भएको थियो । यस नियमको उल्लंघन भए यात्रु एवं सवारीसाधनका संचालकलाई कानून बमोजिम कारवाही भए अवरोध नगर्ने समेत महासंघको सहमति थियो । तर अहिले यी सहमतिहरू पूरानो भइसकेका छन् । सवारीसाधनहरूमा सहचालकले कम माइक्रोनको पोलिथिन बाँडेर वान्ता आए यसमा गर्ने अह्राउने गरेको पाइन्छ । तर त्यो फोहर कहाँ फ्याँक्ने भनेर कहिल्यै सूचना दिइँदैन ।

यातायात व्यवसायी राष्ट्रिय महासंघका अनुसार पूर्व-पश्चिम राजमार्गमा दैनिक गुड्ने ३ हजार सवारीसाधनमध्ये १२ सयभन्दा बढी सार्वजनिक बस छन् । सामान्यतया: एउटा बसमा ४० जना यात्रुका दरले जोड्दा यो संख्या ४८ हजार पुग्छ । कम्तिमा एउटा ब्यक्तिले यात्रा अवधिमा एउटा पानीको बोतल खरिद गर्ने वा बसले नि:शुल्क उपलब्ध गराउने गरेको देखिन्छ । यसमध्ये ५० प्रतिशतले मात्रै पनि पानीको खाली बोतल सडकमा फाल्दा दैनिक २४ हजार बोतल सडक, नदीनाला, वनजंगलमा पुगेर वातावरणीय क्षति पुऱ्याएको सरसफाइ अभियन्ता मनोजकुमार साहले बताए । यही तथ्यांकले पनि वार्षिक रूपमा सडकमा फाँलिने खाली बोतलको संख्या ८७ लाख ६० हजार हुने देखिन्छ । यो संख्या प्रदेश २ को जनसंख्याभन्दा डेढ गुणा बढी हो । यस प्रदेशको जनसंख्या २०६८ अनुसार ५४ लाख ४ हजार १ सय ४५ छ । यति धेरै पानी बोत्तल फ्याकिए पनि कवाडले उठाउने गरेको देखिँदैन ।

लहान नगरपालिका क्षेत्रमा पर्ने राजमार्गमा सरसफाइ नभएको विरोधमा गत वर्ष नेपाल विद्यार्थी संघ तथा तरूण दलका कार्यकर्ताले नगरपालिकाकै कार्यालयमा फोहर थुपारेपछि यो विषय चर्चामा आएको थियो । त्यस्तै गत वैशाखमा लहान नगरपालिका ४ का बासिन्दाले फोहरमैला व्यवस्थापन केन्द्रमा फालिएको फोहरकै कारण जनजीवन प्रभावित भएको भन्दै कार्यालयमा फोहर र महिलाहरूले झाडुसहित बिरोध प्रदर्शन गरेका थिए । नगरपालिका कार्यालयले समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि अझै यतातिर ध्यान पुगेको छैन ।

दैनिक रूपमा लहान नगरक्षेत्रबाट दश ट्याक्टर फोहर निष्काशन हुने गरेको छ । फोहरमैला ब्यबस्थापन केन्द्रले ओगटेको ३५ विघा जग्गा खुट्टी खोला किनारमै रहेको र नगरपालिकाले फाँल्ने फोहर प्रशोधन नहुँदा त्यसक्षेत्रका बासिन्दाको जनजीवन प्रभावित भएको छ । साँझ लहानको दृश्य झनै नराम्रो देखिन्छ । सडकको दुबै किनारमा फोहर नै फोहर फाँलेको दृश्य देखिन्छ । जहाँ कुकुर र सुँगुर रमाइरहेका हुन्छन् ।

आर्थिक बर्ष २०७१/०७२ मा लहान नगरपालिकाका तत्कालिन कार्यकारी अधिकृत महेन्द्र खम्याङको प्रयासमा फोहरमैला ब्यबस्थापन केन्द्र निर्माण भएको थियो । स्थानीयले फोहरमैला ब्यस्थापन गर्न बनाइएको केन्द्र उद्देश्य अनुरूप काम नगरेको आरोप लगाउँदै समय समयमा नगरपालिका घेराउ गर्ने गरेको मानवअधिकारकर्मी मोहन पासवानले बताए । सो केन्द्र निर्माणमा स्थानीय बिकास मन्त्रालयले एक करोड अनुदान दिएको थियो ।

लहान नगरपालिका कार्यालयमा सरसफाइ ब्यबस्थापन हेर्न नथुनी पासवानले थोरै स्रोतसाधन र जनशक्तिको कारण नगरक्षेत्रकै सरसफाइ ब्यस्थापन गर्न समस्या भइरहेकोले राजमार्ग वरपरको क्षेत्रमा कार्य गर्न नसकिएको बताए । हाल सरसफाई कार्यको लागि नगरपालिकासँग ३५ जना जनशक्तिमात्रै छ । त्यस्तै राजमार्गमै पर्ने सिरहाको गोलबजारको मैनावती खोला किनार फोहरमैला ब्यबस्थापन गर्ने थलो नै बनेको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने सानातिना खोलाखोल्सीमात्र नभई कोशी, कमला, रातु, बागमतीसहितका नदीहरूको किनारमा समेत प्लास्टिकका बोतल यत्रतत्र छरफस्ट देखिन्छ ।

वन डिभिजन कार्यालय महोत्तरीका प्रमुख हेमन्त साहले राष्ट्रिय वन क्षेत्रमा कुनै पनि संरचना बनाउन नपाउने नियम रहेको बताए । वनक्षेत्रसँग सम्बन्धित विषयमात्रै वन कार्यालयले हेर्ने बताउँदै उनले राजमार्ग र अन्य सडकको किनारको विषयमा सडक कार्यालय वा स्थानीय सरकारले निर्णय लिन सक्ने बताए ।

राजमार्ग क्षेत्रको सरफाइमा कहिलेकाहीँ सम्बन्धित निकायले केही गतिविधि सञ्चालन गरेका पनि उदाहरण छन् । जसअनुसार राष्ट्रिय सरसफाइ अभियानको पहिलो चरणअन्तर्गत प्रदेश २ को बारादेखि सप्तरीसम्ममा ०७२ पुस ११ देखि १४ गतेसम्म राजमार्ग केन्द्रित सरसफाइ कार्यक्रम गरेको थियो । गढीमाई, निजगढ, कोल्हबी, चन्द्रपुर, हरिवन, लालबन्दी, ईश्वरपुर, बर्दिवास, मिथिला, क्षीरेश्वरनाथ, धनुषाधाम, गणेशमान-चारनाथ, मिर्चैया, गोलबजार, धनगढीमाई, लहान, शम्भुनाथ, कन्चनरूपसहितले राजमार्ग केन्द्रित सरसफाइ कार्यक्रम सुरू गरिएका थिए । नाम राजमार्ग सरसफाइ भएपनि संविधान प्रचार अभियान पनि यसै कार्यक्रमसँगै लगिएको थियो ।

राजमार्ग केन्द्रित सरसफाई कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वातावरण ब्यबस्थापन शाखाका कर्मचारीहरूसँगै हास्य कलाकार धुमुर्स (सीताराम कट्टेल) र सुन्तली (कुन्जना घिमिरे) र बर्दिवास नगरपालिकाका कर्मचारीहरूले झाँडु लगाएका थिए । औपचारिकतामा मात्र सीमित यो कार्यक्रम राजमार्ग सरसफाइको लागि पहिलो र अन्तिम नै थियो ।

प्रदेश २ को केन्द्र जनकपुरधाम पाँच वर्षअगाडि फोहरधामकै रूपमा जनमानसमा परिचय बनाइसकेको थियो । स्थानीय युवाहरूको नेतृत्वमा सुरू भएको पोखरी सरसफाइले गति लिन थालेपछि संचारकर्मी रामअशिष यादवले सेभ हिस्टोरिकल जनकपुरमार्फत सरसफाइ अभियानलाई नेतृत्व दिन थाले । यही सरसफाई अभियानले गंगासागर सरोबरमा महागंगा आरतीको शुभारम्भ गराउन सफल भयो । अभियन्ता यादव अहिले संघीय समाजवादी पार्टीको प्रदेश सभा सदस्य छन् । उनले पूर्व-पश्चिम राजमार्गले बनाउन लागेको फोहरमार्गको परिचय स्थापित हुन नदिन यसको सफाईमा केन्द्रियस्तरबाट नै पहल हुनुपर्ने बताए । भन्छन्, 'पहिलो दायित्व राज्यको हो । त्यसको निरन्तरता दिने काम स्थानीयको हो । सरसफाई निरन्तरताको लागि दवाव र अभियान दुबै आवश्यक छ ।

राजमार्गमा फ्याकिने प्लास्टिक बोतलले किनारहरूमा घाँस उम्रन समेत नदिएको सहजै देख्न सकिन्छ । प्लास्टिक बोतलकै कारण त्यहाँ कुनै विरूवा उम्रन नसकेको वनविज्ञ हेमकुमार महतोले बताए । प्रत्येक बर्ष विश्व वातावरण दिवस जून ५ को दिन औपचारिक रूपमा सडक बढार्ने र केही थान विरूवा रोप्नेबाहेक अन्य नीतिगत निर्णय प्रदेशबाट सुनिएको छैन । नदीनालाको संरक्षणबारे समेत मौनता साँध्ने गरेको पाइन्छ । वरिष्ठ संचारकर्मी चन्द्रकिशोर भन्छन्, 'एकतर्फ नदी, पहाड र जंगल बर्बाद गर्ने राज्य अर्कोतर्फ वातावरण दिवस मनाउने नाटक मात्र गर्छ ।'

गतबर्ष इलाम नगरपालिकाले प्लास्टिकको बोतललगायतको फोहर १५ रूपैया किलोमा खरिद गर्ने योजना अगाडि सारेको थियो । तर त्यहाँ विक्री गर्नेहरूकै कमी रहेको थियो ।

पूर्व पश्चिम राजमार्गमा रहेको नगरपालिकाहरूले सरसफाईको नाममा बर्षेनी विभिन्न जनचेतनामूलक कार्यक्रम समेत गर्दै आएको छ । अधिवक्ता विकरू यादवले राजमार्गमा फ्याँकिने प्लास्टिक बोतलको संकलन र कानूनी कडाई गर्न स्थानीय सरकारहरू चुकेको बताए । उनले हचुवाकै भरमा स्वास्थ्य तथा सरसफाई ऐन बनाएको दाबी गरे ।

लहान नगरपालिकाभित्र फोहरमैला ब्यबस्थापन सम्बन्धमा स्थानीयको अत्याधिक बिरोध हुन थालेपछि नगर प्रमुख मुन्नीलाल साहले सर्वसाधारणलाई सम्बोधन गर्दै फोहरमैला व्यबस्थापन केन्द्र ब्यबस्थित बनाउने तथा सरसफाईकर्मीहरूको संख्या बृद्धि गर्ने जानकारी दिए । तर शौचालय निर्माणलगायतका विषयमा केही बोलेनन् । प्लास्टिक बोतलले राजमार्गलाई विरामी बनाएजस्तै त्यसमा रहेको पानी सेवन गर्नेहरूको स्वास्थ्यमा हुने असरबारे समेत अझैसम्म खासै चर्चा भएको छैन । वातावरण संरक्षणको नाममा स्थानीय सरकारहरूले सरसफाई कार्यक्रम र जनचेतनाका कार्यक्रमहरू मात्रै चलाउने गरेको आरोप जनमानसमा छ । राजमार्ग वा अन्य सडकको सुरक्षा र यात्रुको ब्यबस्थापनसँग जोडिएको शौचालय अथवा खानेपानीको बिषयमा चर्चा पनि नगर्ने गरिएको स्थानीय सरकारहरूले सार्वजनिक गरेको ऐन र नीति तथा कार्यक्रमबाट प्रष्ट देखिन्छ ।

अर्कोतर्फ च्याउँ झै खोलिएका पानी उद्योगले बोतलमा राखेको पानीको शुद्धताबारे खासै अनुगमन भएको देखिँदैन । ब्यापक जनचाँसोपछि अनुगमन हुँदा जनकपुरधामकै अम्वर धारा, महामाया धारा, ग्लोवल एकता, स्टायलिस्ट एकवा, गंगाजल पानीको उद्योगले मापदण्डबिपरीत उत्पादन गरेकोभन्दै सिल नै गरिसकिएको छ ।

उद्योगहरूले उपभोग्य सामग्रीसँगै प्लास्टिकजन्य सामान बेच्ने तर ब्यबस्थापनबारे मौन बस्ने आरोप छ भने अर्कोतर्फ नियन्त्रणलागि खर्चिनुभन्दा सडक निर्माणमा प्रयोग गर्न सकिने बहस अन्तराष्ट्रियस्तरमै भइरहेको छ ।


## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**सन्तोष पटेल**

राष्ट्रिय अध्यक्ष

हिन्दू परिषद् नेपाल


## मधेश अपडेट

### भ्रमण वर्ष भव्यताका साथ मनाइने

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले नेपाल भ्रमण वर्ष २०२० मनाउने निर्णय गरेको छ । नगर प्रमुख विजय कुमार सरावगीको अध्यक्षतामा बसेको सरोकारवालाहरूको बैठकद्वारा सबै संघ संस्थाहरूसँग समन्वय गर्दै भ्रमण वर्षलाई भव्यरूपमा मनाउने निर्णय गरिएको जनाइएको छ । भ्रमण वर्षलाई भव्यता दिन नगर प्रमुख सरावगीको अध्यक्षतामा १७ सदस्यीय पर्यटक प्रबर्द्धन समिति गठन गरिएको छ । समितीका सदस्यहरूमा होटल पर्यटन व्यवसायी सघका सयोजक हरि पन्त, होटल व्यवसायीहरू दिपकमान श्रेष्ठ, मोहन पधान, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल केडिया, जगत साह कानु, भिजिट मधेश नेपालका राष्ट्रिय संयोजक ओम प्रकाश सर्राफ लगायतका व्यक्तिहरू रहेका छन् ।

### सबै अधिकार सिंहदरबारमै लगिँदैछ : निधि

कैलाली । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले सिंहदरबार गाउँ-गाउँमा नारा लगाइए पनि सबै अधिकार सिंहदरबारमै राख्न खोजेको आरोप लगाएका छन् । उनले मुलुक संघीय प्रणालीमा गइसकेपछि अधिकारको विकेन्द्रीकरण गर्नुपर्ने ठाउँमा सरकारले सिंहदरबारमै केन्द्रित गर्न खोजेको उनको आरोप छ । उनले संघीयतामाथि सबैभन्दा बढी खतरा बर्तमान सरकारबाटै रहेको जिकिर गरेका छन् । कांग्रेस कैलालीले मंगलबार धनगढीमा आयोजना गरेको जागरण अभियान समापन र विरोध कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् । मुलुकमा सङ्घीय प्रणाली रहे पनि सम्पूर्ण अधिकार सिंहदरबारमै फिर्ता लिने कार्य सरकारबाट भइरहेको उनको आरोप छ ।

### धर्ममाथि सरकारबाटै प्रहार : अध्यक्ष पटेल

वीरगन्ज । नेपाल सरकार पशु सेवा विभागद्वारा 'बधशालादेखि भान्सासम्म स्वच्छ र स्वास्थ्य मासु' भन्ने प्रचार सामग्रीप्रति हिन्दू परिषद् नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । परिषद्का राष्ट्रिय अध्यक्ष संतोष पटेलले एक विज्ञप्ति जारी गर्दै विरोध जनाएक छन् । विज्ञप्तिमा भनिएको छ, 'हिन्दू धर्ममाथिको आक्रमण बन्द गर ‼ नेपाल सरकार पशु सेवा विभाग द्वारा "बधशालादेखि भान्सासम्म स्वच्छ र स्वास्थ्य मासु भन्ने प्रचार सामग्रीप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।' नेपाल सरकारबाट प्रकाशित सामग्रीमा गाई काटेर खानु पर्छ भन्ने अभिव्यक्ति यो धर्मनिरपेक्ष सरकारले गरेको भन्दै अध्यक्ष पटेलले यस्तो निन्दनीय कार्यको जति विरोध गरे पनि कम नै हुने विज्ञप्तिमा उल्लेख गरेका छन् । 'हामी हिन्दू धर्मावलम्बीहरूले गाईलाई आमा समान मान्छौं र पूजा गर्दछौं । त्यस्तै गाई हाम्रो देशको राष्ट्रिय जनावर पनि हो, त्यसैले गाईलाई मासुजन्य वस्तुको रूपमा प्रयोग गर्नु हाम्रो हिन्दू धर्ममाथिको धेरै ठूलो आक्रमण हो । यस्तो कार्यले हिन्दू धर्मावलम्बीहरूको भावनामा गहिरो चोट पुगेको छ ।' उनले भनेका छन् । उनले यस्तो गल्ती सच्याउन र पुन: यस्तो गल्ती नदोहोर्याउन र हिन्दू धर्ममाथिको आक्रमण बन्द गर्नको निम्ति नेपाल सरकारसँग परिषद्ले आग्रह गरेको छ ।

### संविधान दिवस राष्ट्रिय दिवस होइन : श्रेष्ठ

विराटनगर । समाजवादी पार्टीका कार्यबाहक अध्यक्ष तथा प्रतिनिधिसभाका सदस्य राजेन्द्र प्रसाद श्रेष्ठले २०७२ असोज ३ गते सिंगो देशलाई ब्यारेकमा रूपान्तरण गरेर, संविधान सभा भवन वरीपरी कर्फ्यू लगाएर संविधान जारी गरेको बताउँदै ५ दर्जनभन्दा जनताको लाशमाथि टेकेर संविधान जारी गरेको दिन राष्ट्रिय दिवस हुन नसक्ने बताएका छन् । उनले यो कुरा समाजवादी पार्टीले विराटनगरमा आयोजना गरेको संविधान संशोधनको अपरिहार्यता र आवश्यकता विषयक अन्तर्क्रिया कार्यक्रममा बताएका हुन् । कार्यक्रमका प्रमुख अतिथि श्रेष्ठले जुन संविधान जारी गर्दा जनताले ब्लायक्आउट गरे त्यो दिन राष्ट्रिय दिवस कसरी हुन सक्छ भन्ने प्रश्न गर्दै भने, अमेरिकामा सबै जनता एकजुट भएर स्वतन्त्रता संग्राम जितेको ४ जुलाई १७७६ को दिनलाई राष्ट्रिय दिवसको रूपमा मनाउँछ भने जर्मनमा पहिला देश संघीयतामा गएको दिन तथा पछि आएर पूर्वी जर्मन र पश्चिम जर्मन एकीकृत भएको दिन ३ अक्टोवर १९९० को दिनलाइ राष्ट्रिय दिवसको रूपमा मनाउने गरेको बताउँदै नेपालमा पनि जनताको विजय भएको दिन वैशाख ११ गते वा देशमा गणतन्त्र आएको दिन जेठ १५ गतेलाई राष्ट्रिय दिवसको रूपमा मनाउनुपर्ने बताए ।

### संविधान दिवस बहिष्कार

जनकपुरधाम । संविधान दिवस २०७६ भव्यरूपमा मनाउने निर्णय गरेको प्रदेश २ को सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीसम्मले कुनै कार्यक्रममा सहभागिता जनाएका छैनन् । प्रदेश २ को सरकारले आफैले गरेको निर्णय विपरीत मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीसहित कुनै पनि मन्त्री वा राज्यमन्त्रीहरू संविधान दिवसका कार्यक्रमहरूमा सहभागी भएनन् । उनीहरूले अघोषितरूपमा संविधान दिवसलाई बहिष्कार गरेका छन् । प्रदेश २ का सरकारले संविधान दिवस मनाउने निर्णय गर्दा सत्ता साझेदार राजपा नेपालका मन्त्रीहरू असन्तुष्ट भएका थिए र कालो दिवस मनाउने निर्णय गरेका थिए । संविधान दिवस मनाउने निर्णयप्रति सामाजिक सञ्जालमा प्रदेश सरकारको कडा आलोचना भएको थियो । समाजवादी पार्टी नेतृत्वको प्रदेश २ सरकारको यस्तो निर्णयको मधेशमा व्यापक विरोध भएपछि कुनै पनि कार्यक्रममा मुख्यमन्त्री वा मन्त्रीहरू गएनन् ।

### रूपन्देहीमा किशोरी अधिकार मञ्च गठन

रूपन्देही । भैरहवामा किशोरी अधिकार मञ्च गठन भएको छ । छोरीहरूमाथि हुने गरेको हिंसा तथा भेदभाव रोक्न किशोरी अधिकार मञ्च गठन गरिएको हो । किशोरीको भेलाले पुष्पा हरिजनको अध्यक्षतामा जिल्ला समिति गठन गरेको हो । भेलाले बालिका तथा किशोरी अधिकार र संरक्षणका लागि आठ बुँदे घोषणापत्र जारी गरेको छ । त्यसमा सामाजिक बहिस्करणमा परेका किशोरिलाई उकास्न अधिकार र चेतनाका लागि अभियान चलाउने प्रमुख उद्देश्य छ । त्यस्तै विद्यालय बाहिर रहेका किशोरीका लागि वैकल्पिक अवसरको खोजी गर्ने र सहयोगका लागि सरोकारवालासँग हातेमालो गरिने छ । बालविवाह, दाइजो, तिलक लगायतका समस्या भोगेका किशोरीको समस्या समाधान गर्ने तथा हानिकारक सामाजिक मूल्य र मान्यता हटाउन पहल गरिने छ ।

### जनमतको जिल्ला बैठक सम्पन्न

नेपालगन्ज । डा.सीके राउत नेतृत्वको जनमत पार्टीको बाँके जिल्ला समितिको बैठक सम्पन्न भएको छ । बुधबार सम्पन्न बैठकले जनमत पार्टीले विभिन्न निर्णयहरू समेत सार्वजनिक गरेको छ । गिरफ्तारी दिएका कार्यकर्ताहरूलाई सम्मान गर्ने, नवरात्री पर्व २०७६को शुभकामना तथा कार्यकर्ता प्रशिक्षण गर्ने, आगामी दिनमा संगठनको कार्यक्रम गर्ने र विविध विषयमा सो बैठक निर्णयहरू गरेको छ । बैठक जिल्ला संयोजक एंव केन्द्रीय सदस्य इरफान अहमद शेषको अध्यक्षतामा बसेको थियो । कार्यक्रममा विभिन्न विषयवस्तुमा छलफल भएको जानकारी कार्यालय सचिव देवराज मौर्याले गराएका छन् । बैठकमा विभिन्न प्रस्तावहरू माथि छलफल गरि निर्णय लिइएको तथा नीतिनियम बारे जानकारी नेता शेषले गराएका छन् ।

### संग्रहालय भवन पुनर्निर्माण

कपिलवस्तु । कपिलवस्तु संग्राहलयको भवन पुननिर्माण भएको छ । पुनर्निर्माणपछि केही नयाँपनको अनूभुति पाउन सकिन्छ । नयाँ आधुनिक संग्रहालय भवन पुरातत्व विभागले कपिलवस्तु नगरपालिका- ३ रामघाटमा ४ करोड ३२ लाखमा निर्माण गरेको हो । संग्राहलयमा खासगरी भगवान बुद्धसंग सम्बन्धित पुरातात्विक र ऐतिहासिक सम्पदाहरू संग्रहित छन् । कपिलवस्तु संग्राहलय पुरातात्विक, ऐतिहासिक मात्र नभई पर्यटकीय दृष्टिकोणले पनि महत्वपुर्ण सम्पदा हो । यसको पर्याप्त प्रचार प्रसारका साथै संग्राहलयमा आवश्यक सुधारहरू गर्दै लानु जरूरी छ ।

### बाँकेमा बिरामी बढ्दै

नेपालगञ्ज । बाँके जिल्लामा भाइरल ज्वरो, रूघाखोकी र निमोनियाका बिरामी बढ्दै गएका छन् । मौसम परिर्वतन हुँदै आएका कारण जिल्लामा ज्वरो, रूघाखोकी र निमोनियाका बिरामीको सङ्ख्या बढेको छ । नेपालगञ्ज र कोहलपुरका निजी तथा सरकारी अस्पतालमा केहि दिनयता यस्ता बिरामी आउने क्रम अत्यधिक बढेको अस्पतालहरूले जनाएका छन् । स्थानीय अस्पतालहरूका अनुसार उच्चज्वरो, रूघाखोकी, घाँटी दुख्ने, खसखस हुने, टाउको दुख्ने, नाक पोल्ने, सिँगान निस्कने र पखालासमेत लाग्ने लक्षण देखिने बिरामीहरू अस्पतालमा ठूलो सङ्ख्यामा आउने गरेका छन् ।

# समाजमा जेलिएको कुसंस्कार



**जयकृष्ण यादव (सहयोगी)**

नेपाली समाजमा विभिन्न प्रकारका हानिकारक अभ्यास, प्रथा र संस्कारका कारणले असर पारेको छ । कुनै कालखण्डमा समाजमा रहेको तत्कालीन आवश्यकता पुरा गर्नका लागि अपनाइएको रीतिरिवाज, कला संस्कृति र संस्कारहरूलाई परिवर्तित समाजमा पनि निरन्तरता दिँदा हानिकारक रूपमा परिणत भएको छ । विगतमा अर्थात एक शताब्दी अगाडिसम्मको अवस्थामा बाल विवाह पुण्यको रूपमा लिइन्थ्यो, बहुविवाहलाई महान पुरूषको रूपमा वा बलियो पुरूषको रूपमा हेरिन्थ्यो, दाईजोलाई उपहार र सम्पतीको शक्ति प्रदर्शनको रूपमा लिइन्थ्यो, भोज भतेरलाई प्रतिष्ठासँग जोडेर हेरिन्थ्यो, महिलाको महान्ता र सतित्वसंग सति प्रथालाई लिइन्थ्यो, अभिभावकले केटा वा केटी खोजेर विवाह गर्ने चलन, बालबालिका अवस्थामा उनीहरूले नबुझ्ने नजन्ने भएकाले गरिन्थ्यो, विवाहको धेरैदिनसम्म माईतमा बस्ने गरेको कारण थियो बालापन, महिनाबारी अगाडि नै विभिन्न रोग वा प्रकोप र महामारीले बुवाआमाको मृत्यु हुने भएकाले छोरीहरूको विवाह गर्ने गरिन्थ्यो तर अहिले आएर यो अवस्था समाजमा भएको विकास र परिवर्तनले निकै फड्को मारिसकेको छ । तर पनि हाम्रो समाजमा त्यही कुरालाई अगिंकार गरिदा यो कुसंस्कार अभ्यास, प्रथा र संस्कारको रूपमा परिणत भएको हो । पहिला शिक्षा, स्वास्थ्य, रोजगार, खानेपानी, विद्युत , संचार लगायतका विकासका पूर्वाधारको अभाव रहेको समाजमा जे पनि चल्थ्यो जे पनि पच्थ्यो तर अहिलेको समय र परिस्थिति त्यस्तो छैन् । हामीले विगतको जस्तो समाजमा रहेको क्रियाकलापहरूलाई त्यसबेलाको साँच्चै आवश्यकता मान्नुपर्छ र संस्कार पनि तर अहिलेको अवस्थामा त्यसैलाई पूर्ण रूपमा अक्षरशः पालाना गर्नुपर्छ भन्ने छैन् । सबै कुरा फेरी नराम्रो थियो भन्ने पनि छैन, यसमा समाजको आवश्यकता र समयको मागलाई हेरेर थैरै कुराहरूले हामीलाई नै असर परेको छ भन्ने बुझ्न जरूरी छ ।

कुनै बेला यस्तो थियो कि दैवी शक्तिले काम गरिन्थ्यो र हुन्थ्यो पनि तर कहिले आएर वैज्ञानिक आविस्कार भएका सामग्री वा वस्तु तथा सिद्धान्तले काम गर्न थालेको छ । यो अवस्थाले पनि हाम्रो समाजमा रहेको केही घटना क्रम वा प्रवृतिले के संकेत गर्छ भने हानिकारक अभ्यासलाई त्याग्नु जरूरी छ ।

हाम्रो पूर्खाका कारण वा विगतको कालखण्डमा तत्कालीन अवस्था, आवश्यकता र चाहना पुरा गर्नका लागि बालविवाह, बहुविवाह, दाइजो, छुवाछुत, जातीय विभेद, उपहार (सन्देश) बारेमा रीतिरिवाज, मौलिक कला संस्कृति र संस्कारहरूलाई अपनाइएको थियो । तर परिवर्तित समाजमा पनि त्यसैलाई केही समुदाय वा वर्गले निरन्तरा दिँदा हानिकारक रूपमा परिणत भएको देखिन्छ ।

समाजमा विगतको संस्कारहरू अहिले आएर कुसंस्कार र हानिकारण रूपमा आएको कुरा ऐना जस्तो, सामाजिक परिवर्तनको बाधक जस्तो, भोलिका कर्णधारलाई नराम्रो असर पार्ने , वौद्धिक स्तर न्यून रहेको जस्तो संन्देश दिने गरी हानिकारक अभ्यास रहेको पाइएको छ । समाजमा विगतमा अर्थात एक शताब्दी अगाडीसम्मको अवस्थामा बाल विवाह आवश्यकता थियो । हाम्रो समाजमा छोराछोरीको विवाह कम उमेरमा गरेर नानीहरू हुर्काउन सहजता, विवाह गरेपछि स्वर्गमा बास, राम्रो केटा वा केटी पाउने आश रहेकाले र सानै उमेरमा विवाह गर्दा पूण्य पाउने आशको रूपमा लिइन्थ्यो । तर अहिले अवस्था फेरिएको छ । समाजमा छोराछोरीहरूले पढ्न पाएका छन्, समाजमा शिक्षा, स्वास्थ्यले व्यापकता पाएको जसले गर्ने महामारीको अवस्था छैन, सानै उमेरमा मर्ने संख्य न्यून छ । विगतमा बाल विवाह रहर नभई बाध्यता थियो तर अहिले आएर केही समुदायले रहरको रूपमा बाल विवाहलाई लिएका छन् । बालविवाहका कारणले केहीले आत्महत्या त केही घरनिकाला, केही घरेलु हिंसाको शिकार, केही रोगको शिकार, केहीको आकालमा ज्यान गएको अवस्था छ । नेपाल सरकारले अहिले बालविवाह पूर्णत कानुनी रूपमा अपराध मानेको छ । विवाहका लागि २० वर्ष उमेर तोकेको छ ।

विगतमा बहुविवाहलाई बलियो पुरूषको रूपमा हेरिन्थ्यो अहिले पनि त्यसको निरन्तरताले नाकारत्मक असर भएको । समाज गतिशील र परिवर्तनशील छ त्यसमा पनि समाजमा पारिवारिक कलह, प्रलोभन, यौन क्रिडा, शक्तिको प्रर्दशन, नक्कली प्रेमजाल लगायतका कारणले बहुविवाह बढेको छ । यो समाजका लागि अर्को हानिकारक अभ्यास हो ।

धेरैले विवाहलाई उत्सवको रूपमा लिइन्छ । यसलाई लिनु पनि पर्छ किनभने विवाह मानिसको जीवनमा बैधानिक विवाह एक पटक नै हुन्छ अपवादमा बाहेक । त्यसैले विवाहमा केटापक्षलाई केटी पक्षकाले दिने गरगहना, नगद, जिन्सी सहितका विभिन्न उपहार र सम्पती दिने गरेको पाइन्छ । दिन र लिनका लागि कोही कसैले हस्तक्षेप र मागेर दवाव दिएर, करकापमा पारेर दिन्छ भने त्यो दाइजो कुप्रथाको रूपमा जान्छ । होइन भने शक्ति अनुसारको बिना मागेर दिइने सामग्रीलाई संस्कार वा प्रथाको रूपमा मान्न सकिन्छ । विगतमा शक्ति प्रदर्शनको रूपमा लिइन्थ्यो त्यसलाई अहिले पनि निरन्तरता दिनुलाई कुसंस्कारको रूपमा मानिन्छ ।

तराई मधेशमा प्रायः समुदायमा भोजभतेर गर्ने प्रथा अझै जारी छ । मधेशमा बच्चा जन्मेको छैठौ दिन छठिहार भोज, १२ दिनमा बरही भोज, विवाहमा विवाहको गाउँले भोज, मृत्यु संस्कारमा चौथो दिन खिरको भोज, सातौं दिन भात दाल तरकारीको भोज, १० दिन नहकेसको भोज र ११ दिनमा श्राद्धको भोज अनिवार्य गर्ने प्रथा छ । यो विगतमा केही भोकाहरूलाई भोज खुवाएपछि मृतकको स्वर्गमा बास हुने मान्यता थियो । तर त्यो वैज्ञानिक रूपमा कुनै पुष्टि भएको वा आध्यामिक रूपमा यथेस्ट प्रमाण फेला गरेको छैन । तर त्यसैलाई धेरैले प्रतिष्ठासँग जोडेर हेरिन थालेको छ, यो संस्कारको रूपमा आएको छ आर्थिक रूपमा सम्पन्न भएकालाई समस्या नभए पनि आर्थिक विपन्नता भएकालाई ठूलो बोझको रूपमा भोज रहेको छ । यति हुँदा समेत भोज अनिर्वाय नै गर्नुपर्छ र गरिन्छ पनि । यो अनिवार्य नभए पनि छाड्न भने समाजले सकेको छैन् ।

विगतमा बालबालिका भएकै अवस्थामा विवाह गर्ने भएकाले केटाकेटीहरूले नबुझ्ने नजान्ने भएकाले अभिभावकले खोजेर गरिन्थ्यो, तर अहिले समाजमा विकास र परिवर्तन भएपनि, केटाकेटीहरू आफ्नै खुट्टामा उभिन सकेको भए पनि अभिभावकको हस्तक्षेप जारी छ । जुन हानिकारक अभ्यास र प्रथा हो । जीवन व्यतित गर्ने केटाकेटीको विवाह जस्तो महान काममा केटाकेटीलाई उसको लागि खोजेको जीवन साथीलाई विवाह पूर्व हेर्न र कुरा गर्न समेत दिदैन् । यसलाई परिवर्तन गर्न जरूरी छ । किनभने यसैको कारणले धेरैको विवाह पछि मन नमिल्ने, पूर्व प्रमी वा प्रेमिकाको तनाव सहनुपर्ने, सरूरालीमा त्यो कुरा थाहा पाएको कारणबाट यातना र हिंसा खेप्नुपर्ने, केहिले सहन नसकेर विवाह पछि भागेर अर्कै केटी वा केटासंग जाने, केहीले समाजमा मुख देखाउने ठाउँ नभएको ठहर गरी आत्महत्या गर्ने, केहीलाई पनि हत्या नै गर्नेसम्मको काम भएकाले यसमा सुधारका लागि अभिभावकहरू गम्भीर बन्न जरूरी छ ।

विगतमा समुदायमा विभिन्न काम वा पेशा गर्ने समुदायको कारणले जातीय, धार्मिक र वर्गीय छुवाछुत थियो । त्यसको निरन्तता अहिले पछि छ तर अवस्था विगतको जस्तो छुवाछुत गर्ने र विभेद गर्ने खालको छैन् । पानीको अभावमा सिनो फाल्नेहरूले धेरैदिनसम्म ननुहाउने, सरसफाईमा ध्यान नदिने, सुगुर वा अन्य जनावर पालन गर्दा व्यवस्थित नफाल्ने लगायतको विविध कारण देखाइ विभेद र छुवाछुत गरिन्थ्यो । तर अहिले सबै कुरा फेरिएको छ । न सरसफाईमा कोही भन्दा कोही कम छ तर विगतको मानसिकताबाट कोही पनि पछि हट्न नचाहेकाले समस्या भएको हो । विगतको जस्तो अहिले समाजमा न विभिन्न रोग वा प्रकोप र महामारी नै छन न त सरसफाईको अभाव नै । त्यसैले यो अवस्था समाजमा भएको विकास र परिवर्तनले निकै फड्को मारिसकेको भएपनि हानिकारक अभ्यासलाई कम गर्न जरूरी छ । तर पनि हाम्रो समाजमा त्यही कुरालाई अगिंकार गरिदिदा यो कुसंस्कार वा हानिकारक अभ्यास, प्रथा र संस्कारको रूपमा परिणत भएको छ ।

## संक्षिप्त समाचार

### मुख्यमन्त्रीद्वारा स्टुडियो उद्घाटन

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले जनकपुरमा नवनिर्मित नटराज प्रोड्क्सन एवं रेकर्डिङ्ग स्टुडियोको उद्धाटन गरेका छन् । रामानन्द चौकस्थित स्टुडियोको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले आधुनिक प्रविधियुक्त स्टुडियोले कलाकारहरूको हौसला बढाउनुको साथै स्थानीय भाषा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा विशेष टेवा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । 'यस्ता स्टुडियो यहाँका औद्योगिक घरानाहरूलाइ पहिला नै खोल्नु पर्ने थियो, मुख्यमन्त्री राउतले भने,' ढिलै भएपनि एउटा सुखद प्रयास भएको छ,उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।' स्टुडियोको कार्यकारी निर्देशक अनिल मिश्राको अध्यक्षतामा भएको उक्त कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, नेपाली काँग्रेस संसदीय दलका नेता राम सरोज यादव सहितका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

### केन्द्रका कारण समस्या : मुख्यमन्त्री पोखरेल

रूपन्देही । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले केन्द्र सरकारका कारण आफूहरूलाई समस्या भइरहेको बताएका छन् उनले केन्द्र सरकारले कानून बनाउन ढिलाइ गर्दा काम गर्न समस्या भएको बताएका हुन् । प्रदेश समन्वय परिषद बैठक समापन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पोखरेलले यस्तो बताएका हुन् । केन्द्र सरकारले कानुन नबनाइदिँदा साझा सूचीका अधिकार कार्यान्वयन गर्न समस्या भएको बताएका हुन् । संघीय कानून नबन्दा प्रदेश सरकारले आवश्यक कानूनहरू बनाउन नसकेको र कानुन अभावमा जनअपेक्षाअनुसार काम गर्न नसकिएको उनले बताए ।

### राजपाका उपाध्यक्षको निधन

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका उपाध्यक्ष राजवंशी चौधरीको हृदयघातका कारण निधन भएको छ । शनिबार ललितपुरमा राजपा जिल्ला अधिवेशनमा रोष्टममा बोल्दै गर्दा चौधरीलाई हृयदघात भएको थियो । उनलाई उपचारका लागि मेडिसिटी अस्पताल पुर्याउँदा अस्पतालले उनलाई मृत घोषित गरेको थियो । राजपा ललितपुर जिल्ला अधिवेशन शनिबार ललितपुरको सिद्धार्थ कटेजमा चलिरहेको थियो । उनी रोष्टममा उभिएर सम्वोधन गरिरहँदा हृदयघात भएको थियो । राजपा केन्द्रीय उपाध्यक्षको निधन भएपछि राजपा ललितपुरको अधिवेशन स्थगित भएको महासचिव केशव झाले जनाएका छन् ।

### मुस्लिम जनमत संघ गठन

रौतहट । जिल्लामा शाह आलमको नेतृत्वमा मुस्लिम जनमत संघ गठन गरिएको छ । गौरको वार एशोसेनको सभाकक्षमा गठन गरि सक्दो चांडो मुस्लिम जनमतको ब्यानरमा आमसभा गरिने उदघोष गरिएको जनाइएको छ । सयौं मुस्लिम समुदायको अगुवाहरूलाई एकतृत गरि संघको गठन गरिएको छ । कार्यक्रमको अध्यक्षता जनमत पार्टी रौतहटको अध्यक्ष अशोक कुमार सिंह, प्रमुख अतिथि जनमत पार्टीको नेता अब्दुल खानले गरेका थिए ।

### बाँकेमा संगठन निर्माण तीव्र

बाँके । जनमत पार्टी बाँकेद्वारा दुइटा वडा कमिटी निर्माण गरेको छ । शनिबार जानकी गाँउपालिका-६ कपासी र कोहलपुर-१५ मा जनमत पार्टीले आफ्नो संगठन विस्तार गरेको बाँकेका नेता मो.हुशेन शाहले जानकारी गराएका छन् । जानकी-६ मा १५ सदस्यीय वडा कमिटी सुदिप गडाडियाको संयोजकत्वमा गठन गरेको छ । त्यस्तै कोहलपुर-१५ मा रीता खटिकको संयोजकत्वमा ९ सदस्यीय वडा कमिटी गठन गरिएको छ ।

### अस्पतालमा औषधिको अभाव

टीकापुर । कैलालीको टीकापुर अस्पतालमा बिरामीले निःशुल्क प्राप्त गर्नुपर्ने औषधिको अभाव भएको छ । अस्पतालमा आवश्यक औषधिको अभाव भएपछि बीमा गरेका बिरामीलाई समेत समस्या भएको छ । नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भएका बिरामीले अस्पतालको स्टोरमा औषधि नभएपछि बाहिर मेडिकलबाट औषधि खरिद गर्नुपर्ने बाध्यता रहेको छ । सुदुरपश्चिम प्रदेश सरकार मातहत रहेको टीकापुर अस्पतालमा गत वर्षदेखि अस्पताल विकास समितिसमेत गठन हुन सकेको छैन ।

### मृत अवस्थामा युवक फेला

रौतहट । जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ६ राजदेवीस्थित रहेको बागमती नदीको किनारमा मृत अवस्थामा एक जना युवकको शव फेला परेको छ । मृत अवस्थामा फेला परेको शव स्थानीय राजदेवी नगरपालिका वडा नम्बर ४ बस्ने उमेश कापडको २३ वर्षीय छोरा राधेश्याम कापडको रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घरबाट सोमवार राति खाना खाएर घर बाहिर निस्केका कापड मंगलबार दिउँसो बागमती नदी किनारमा मृत अवस्थामा भेटिएको हो । घटनाको सम्वन्धमा थप अनुसन्धान भइरहेको तथा शव पोस्टमार्टम पछि परिवारको जिम्मा लगाइएको प्रहरी निरीक्षक पपु नायकले जानकारी दिएका छन् ।

### नक्कली भारतीय नोटसहित २ जना पक्राउ

रूपन्देही । सम्मरीमाई गाउँपालिका-१ करौताबाट २ हजार दरका नक्कली भारतीय नोट ३ थान सहित २ जनालाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मर्चवारी गाउँपालिका-७ बगौली बस्ने ३९ वर्षीय दिनानाथ कुर्मी र श्याममणी चौधरी रहेका छन् । ईलाक प्रहरी कार्यालय मर्चवारबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नक्कली नोट सहित फेला पारी पक्राउ गरेको हो ।

### सामुदायिक विकास कार्यक्रमको अनुगमन

राकेश यादव, रौतहट । बेलायत सरकार तथा बेलायत सरकारको आर्थिक सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण सस्था आरआरएनद्वारा संचालित सामुदायिक विकास कार्यक्रमअन्तर्गत रौतहट जिल्लाको बौधिमाई नगरपालिकामा संचालित पूर्वाधार निर्माणका योजनाहरूको बुधबार संयुक्त अनुगमन सम्पन्न भएको छ । सामुदायिक विकास कार्यक्रमअन्तर्गत गठित उपभोक्ता समूह मार्फत निर्माण भएको बर्थिंग सेन्टर सामुदायिक विद्यालय र वडा कार्यालयको भवनको संयुक्त रूपमा अनुगमन गरिएको हो । स्वास्थ्य संस्थाको निर्माण पछि स्थानियहरू हर्षित देखिएका छन् ।

### जबरजस्ती करणी गर्ने पक्राउ

मोरङ । ग्रामथान गाउँपालिका-७ स्थित केराघारीमा १७ वर्षीया किशोरीलाई जबरजस्ती गरेको अभियोगमा ४ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ ग्रामथान गाउँपालिका(५ बस्ने २० वर्षीय सुरेश थानदार, सोही स्थान बस्ने २५ वर्षीय कमल पुरी, २२ वर्षीय सन्तोष कुमार माझी र २२ वर्षीय प्रकाश कुमार थारू रहेका छन् । ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय हरैंचाबाट खटिएको प्रहरीले जबरजस्ती करणीमा संलग्न मध्येका उनीहरूलाई पक्राउ गरेको हो । घटनामा संलग्न हाल फरार १ जनाको प्रहरीले खोजी गरिरहेको छ ।

### यात्रु सहायता कक्ष उद्घाटन

वीरगन्ज । वीरगंज बसपार्कमा यात्रुहरूको सहजको निमित्त आइतबार यात्रु सहायता कक्षको उद्धाटन गरिएको छ । एक कार्यक्रमको आयोजना गरी रोटरी क्लबका अध्यक्ष डा. आनन्द कुमार झा र पर्साका प्रहरी नायब उपरिक्षक अनन्तराज शर्माले संयुक्त रूपमा उद्धाटन गरेका छन् । चाडपर्वमा यात्रुहरूलाई सहज होस भनी सो कक्षको स्थापना गरिएको हो । चाडपर्वको अवसरमा बसपार्कमा बढी यात्रुहरूको भिडभाड हुने गरेको मौका छोपी लुटपाट गर्नु, चोरी गर्नु, तोकिएको टिकट दरभन्दा बढी भाडा असुल गर्नु जस्ता कार्यबाट सुरक्षित राख्नको लागि सो कक्षको शुरूवात गरिएको पर्सा ट्राफिक प्रहरी निरिक्षक राज कुमार सिंहले जानकारी दिए । पीडित व्यक्तिको गुनासो अनुसार त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही समेत गरिने उनले बताए ।

### आगलागीबाट लाखौंको क्षति

मोरङ । जिल्लाको धनपालथान गाउँपालिका-६ दादरबैरिया बस्ने शैलेन्द्र कँडेलको घरमा विद्युत सर्ट भई आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ । मंगलबार बिहान आगलागी हुँदा धान, चामल, तोरीन, डिएपी मल लगायतका सामान जलेर करिब ३ लाख ७५ हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

योगेन्द्र राय यादव

राज्यमन्त्री (प्रदेश २)

भूमि सुधार, कृषि तथा सहकारी

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुख शान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सुरेश मण्डल

राज्यमन्त्री (प्रदेश २)

उद्योग, पर्यटन, वन तथा वातावरण

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

गजेन्द्र ठाकुर

केन्द्रीय अध्यक्ष

नेपाल नाई ट्रेड युनियन परिवार

मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विदेश्वर यादव (बिक्की)

प्रदेशसभा सदस्य

प्रदेश नं. २

# समाजवादी पनि सरकार छोडेर संघर्षमा आउनुपर्छ



मुकेश झा

राष्ट्रिय जनता पार्टी नेपालको महाधिवेशन गर्नका लागि मिति तोकि सकिएको छ । महाधिवेशन हुनुपर्छ, त्यसपछि कार्यकर्ताबाट नेताहरू छानिन्छन् । आधार भएका नेताहरू कार्यकर्ताबाट चुनिएर आउँछन् । त्यो भएपछि निश्चितरूपमा पार्टी मजबुतीका साथ मधेशमा आफ्नो उपस्थिति दर्ज गराउने छ । त्यसैले, तोकिएकै मितिमा महाधिवेशन गर्नका लागि राजपा नेपाल तयार छ । महाधिवेशनका लागि दुई किसिमको तयारी हुन्छ । एउटा प्रदर्शनका लागि र अर्को दर्शनका लागि । प्रदर्शन सबैले देखिने खालको हुन्छ, जुन भइसकेको छ । दर्शनका लागि भित्रभित्रै सबै नेता कार्यकर्ताहरू तयारी अवस्थामा छन् । राजपाका लागि अधिवेशन अत्यावश्यक कुरा हो ।

महाधिवेशनका लागि भ्रातृ संगठनहरूको समायोजन हुन सकेको छैन । त्यस्तै, निश्चितरूपमा महाधिवेशनको त्यस्तो तयारी अहिले देखिएको छैन । छ वटा पार्टी मिलेर राजपा बनेको हो । जिल्ला-जिल्लामा अहिले पनि ६ वटा पार्टीका छुट्टाछुट्टै संरचना जस्ताको तस्तै छ । निश्चितरूपमा राजपाको एउटा संरचना हुनुपर्छ र पार्टीलाई मजबुत बनाउनका लागि एकल नेतृत्व चाहिन्छ ।

समाजवादीसँग एकताको कुराले निश्चितरूपमा महाधिवेशनलाई प्रभाव पारिरहेको छ । मधेश र देशका लागि एकता जरूरी छ । हामी युवाहरू पनि चाहन्छौं कि दुवै पार्टी एकभएर अगाडि बढोस् । तर, अहिले राजपामा २०-२५ जना महासचिव नै छन् । एकता गर्दा यो जम्बो टोलीलाई त्यहाँ कसरी समायोजन गर्ने ? त्यसैले, महाधिवेशनबाट यस्ता कुराहरू फिल्टर भएपछि मात्रै एकता गर्दा राम्रो हुन्छ । एकता त हुनुपर्छ तर, फिल्टर भएर स्वच्छ नेतृत्वमा पुगोस्, जम्बो टोली नआओस् । त्यसका लागि महाधिवेशन जरूरी छ ।

लोकतान्त्रिक पद्धतिमा सबैको एक मत कहीं पनि हुँदैन । आआफ्नो विचार राख्ने स्वतन्त्रता हुन्छ । तर, अध्यक्षमण्डलका नेताहरूले अन्य नेता कार्यकर्ताहरूको पनि भावना बुझ्नुपर्ने हुन्छ । नेता कार्यकर्ताहरूले महाधिवेशन गरेर एकतामा जानुपर्ने धारणा राख्दै आएका छन् ।

निश्चितरूपमा आम नेता कार्यकर्ताहरूमा महाधिवेशनप्रति फ्रस्ट्रेशन बढ्दै गएको छ । हाम्रै भ्रातृ संगठनहरूले पूर्णता पाएको छैन । आफ्नो शुभेच्छुक संगठनहरू कसरी सक्रिय बनाउने भन्ने कुराको ध्यान नेतृत्व पंक्तिले दिनुपर्ने हुन्छ ।

हाम्रो अन्य मुद्दाहरू भिन्नता देखिए पनि मधेशको सवालमा दुवै पार्टी एकमत छन् । मधेश, पिछडिएका समुदायको हक अधिकारका लागि भविष्यमा पनि संघर्ष गर्ने यी दुई पार्टी मात्र हो । मधेशी, आदिवासी जनजाति लगायत उत्पीडित समुदायको हक अधिकारलाई अहिलेको सत्ताले खोसिरहेको अवस्था छ । त्यो हक अधिकार प्राप्तिका लागि दुवै पार्टी एक हुनुपर्छ । एक भएर फेरि एउटा संघर्षको आवश्यकता छ । बिना संघर्षको यो देशमा केही पनि पाउने छैन ।

समाजवादी पार्टी अहिले सत्तापक्षको एउटा प्रमुख घटकको रूपमा रहेको छ र राजपा प्रतिपक्षमा छ । दुवै पार्टी एक हुने निश्चित भएपछि सरकारको विषयमा निर्णय हुनेछ । समाजवादी पार्टी पनि अहिले सरकारमा संघर्षमै रहेको छ ।

एकीकरण हुने निश्चित भइसकेपछि धेरै कुराबारे प्रष्ट हुन्छन् । निश्चितरूपमा मधेशी, आदिवासी जनजाति, उत्पीडित समुदायको हक अधिकार स्थापना गराउनकै लागि दुवै पार्टी गठन भएको हो । त्यसैले, सत्ता कुनै ठूलो कुरो होइन । सरकारले जनताको हितविपरीत गर्ने निर्णयहरूमा समाजवादीले विरोध जनाउनुपर्ने हो ।

अहिलेको अवस्थामा हामी संघर्षमा छौं र समाजवादी पनि संघर्षमै हुन्छ । अन्तिममा यही निष्कर्ष निस्किन्छ कि बिना संघर्ष केही पनि स्थापित हुँदैन । विगतमा पनि हामी धेरै संघर्ष गरिसकेका छौं । सत्ताधारी पार्टीहरूले हामीसँग धेरै सम्झौता गरेका छन्, तर अहिलेसम्म पूरा गरेको छैन । हाम्रो अधिकार प्राप्तिका लागि हामीले अन्तिम लडाइँ लड्नैपर्छ । त्यसको तयारीमा राजपा जुटेको छ । यो संविधानलाई हामीले कालो दिवसको रूपमा मनायौं । यो कुराले पनि जनतामा एउटा आशा छ कि राजपा जनताका लागि संघर्षरत् छ ।

हामीले अहिले पनि आशावादी छौं कि संविधान संशोधनमार्फत् हाम्रा अधिकारहरू संविधानमा समाविष्ट होस् । अहिले पनि हाम्रा आन्दोलनकारी साथीहरूमाथि झुठा मुद्दा लगाइएको छ, कतिपय थुनामा छन् । झुठा मुद्दा फिर्ता, रिहा लगायतका विषयमा अहिलेसम्म हामी हेर र पर्खको नीतिमा छौं ।

अहिले पनि त सरकारमा बसेर समाजवादी पार्टीले संविधान संशोधनका लागि दबाब दिइरहेको छ, हामी सडकबाट दिइरहेका छौं । तर, सरकारले सुनिरहेको अवस्था छैन । अबको आवश्यकता भनेको समाजवादी पनि सरकार छोडेर सडक संघर्षमा आउनुपर्छ । किनकि नेपालको शासन सत्ताले सडकको दबाबबाट मात्र सुन्ने गरेको छ । निश्चितरूपमा देशका लागि आन्दोलनको आवश्यकता छ ।

हाम्रो आन्दोलन शान्तिपूर्ण तरिकाले नै हुन्छ । हामीले पहिला पनि शान्तिपूर्ण तरिकाले नै आन्दोलन गरेका थियौं । तर, हाम्रो आन्दोलनमा पानीको फोहोरा होइन, गोली बर्साइन्छ । यही देशमा दुई किसिमको व्यवहार हुने गरेको छ । काठमाडौंमा आन्दोलन हुँदा पानीको फोहोरा बर्साइन्छ तर, मधेशमा छाती र टाउकोमा ताकी-ताकी गोली बर्साइन्छ ।

जुन दिन काठमाडौंमा संविधान जारी हुँदै थियो त्यो दिन मधेशमा मधेशी युवाहरूको छाती र टाउकोमा ताकी-ताकी गोली हानिँदै थियो । मधेशीहरू शहीद भइरहेका थिए । त्यसैले, सो दिनलाई हामीले खुशियालीको रूपमा हामी मनाउन सक्दैनौं, त्यसलाई कालो दिनकै रूपमा मनाउँछौं । आफ्नो अधिकार पनि नयाँ संविधानमा सम्बोधन होस् भन्नका लागि मधेशमा आन्दोलन भएको थियो । हामीले जनताको अभिमत लिएर संविधान संशोधन गराउन दबाबस्वरूप पनि हामीले कालो दिवस मनाउने गरेका छौं ।

अहिलेको अवस्थामा नेपालले दुवै छिमेकी भारत र चीनसँग मित्रवत् सम्बन्ध बनाउनुपर्ने हुन्छ । खासगरी, भारतसँग अझ बढी सुमधुर सम्बन्ध बनाउनुपर्ने देखिन्छ ।

नेपालका कम्युनिष्ट पार्टीहरूको सम्बन्ध पहिलादेखि छँदै थियो तर लिखितरूपमा थिएन तर अहिले लिखितरूपमै भयो । अब नेकपा चिनियाँ कम्युनिष्ट पार्टीको एउटा शाखा कार्यालयको रूपमा भयो भन्ने प्रमाणित भइसक्यो । चिनियाँ कम्युनिष्ट पार्टीको शाखा कार्यालय नेपालमा छ जुन नेकपा हो ।

*(झा राष्ट्रिय युवा संघका अध्यक्ष हुन ।)*

---


## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**रामप्रवेश बैठा**

**सहमहासचिव**

**राष्ट्रिय जनता पार्टी नेपाल**



## मंगलमय शुभकामना

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्व २०७६ को पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**गजेन्द्र ठाकुर**

**केन्द्रीय अध्यक्ष**

**नेपाल पिछडावर्ग (OBC) महासंघ**





## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय,**

**काठमाडौं, टेकु**


---

स्थानीय सम्वाद

# प्रदेश २ कै सबभन्दा ठूलो बजार बनाउँदैछौं



**देवनाथ साह**

**मेयर, गोलबजार नगरपालिका, सिरहा**

सिंहदरबार गाउँमा भनेर सुरू जसरी कुराहरू गरियो, जुन हैसियत राखेर स्थानीय तहहरू खडा गरियो, त्यो अनुसारको अहिलेसम्म भइसकेको छैन । २२ वटा अधिकार जुन स्थानीय तहलाई दिने भनिएको थियो, ती अधिकारहरूलाई पनि केन्द्रले कुण्ठित गरेको छ । जस्तै, संविधानको धारा ५७ मा अनुसूचि ८ ले दिएको अधिकारलाई पूर्णरूपेण प्रयोग गर्न सकिएन ।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएको दुई वर्ष भयो, के-के काम गर्नुभएको छ ?**

– हामीले दुई वर्षमा गरेको कामको मूल्यांकन जनताले नै गरिरहेका छन् । हामीले समग्रमा १० वटा वार्डलाई पक्की सडकमा जोड्यौं । यसैगरी, स्वास्थ्य, शिक्षा, कृषि लगायतका क्षेत्रमा काम गरेका छौं ।

**० तपाइँहरूको कामबाट जनता सन्तुष्ट छन् ?**

– त्यो मूल्यांकन त जनताले गर्ने हो । अहिलेसम्म जनताले राम्रो काम भइरहेको भनिरहेका छन् । जहाँ बाटो थिएन, त्यहाँ बाटो निर्माण भएको छ । त्यस्तै, बजारको सरसफाइदेखि हरेक क्षेत्रमा कामहरू भइरहेको छ । त्यसकारणले जनताले विकास भएको अनुभूति गरिरहेका छन् । हाम्रो कामबाट जनता सन्तुष्ट नै छन् ।

**० सिंहदरबार गाउँमा आएको छ ?**

– सिंहदरबार गाउँमा भनेर सुरू जसरी कुराहरू गरियो, जुन हैसियत राखेर स्थानीय तहहरू खडा गरियो, त्यो अनुसारको अहिलेसम्म भइसकेको छैन । २२ वटा अधिकार जुन स्थानीय तहलाई दिने भनिएको थियो, ती अधिकारहरूलाई पनि केन्द्रले कुण्ठित गरेको छ । जस्तै, संविधानको धारा ५७ मा अनुसूचि ८ ले दिएको अधिकारलाई पूर्णरूपेण प्रयोग गर्न सकिएन । शिक्षातिर काम अगाडि बढाउँदा त्यसमा पनि विभिन्न बाधा अवरोधहरू छन् । शिक्षा नियमावली हामीले बनाएर अगाडि बढ्दा विभिन्न मुद्दाहरू पर्दैछ र अगाडि बढ्न दिएको छैन । खासगरी प्रदेश २ मा शिक्षाको स्तर एकदमै खस्किएको छ । हामीले केही न केही बल प्रयोग गरेर सुधार गरेका छौं । स्थानीय तहका कतिपय अधिकार प्रदेशलाई दिइएको छ । कतिपय करहरूबारे प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय नगरी लगाएको छ ।

**० भनेपछि, सिंहदरबार अझै पनि गाउँमा आएको छैन ?**

– सिंहदरबार गाउँमा भन्ने कुरा अहिले पनि नारामै सीमित छ ।

**० तपाइँहरूको अधिकार कटौती हुँदा सम्बन्धित निकायमा आवाज उठाउनुभएको छैन ?**

– हामीले सम्बन्धित निकायमा पत्राचार गर्छौं तर, सुनुवाई हुँदैन । सबै स्थानीय तहले नगर/गाउँपालिका संघको माध्यमबाट यस्तो विषयमा जोडदार आवाज उठाइएको छ तर अहिलेसम्म सुधार भएको छैन । अहिले पनि माथिल्लो एकाईले हामीलाई सबैथोक पठाइदियो भने उसको महत्व घट्छ कि भन्ने सोचाइ देखिएको छ । त्यसकारणले, हामी उद्देश्यअनुरूप काम गर्न सकेका छैनौं ।

**० करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो, त्यसपछि तपाइँहरू निर्वाचित भएर आउँदा जनताका अपेक्षा कस्तो पाउनुभयो ?**

– जनताका अपेक्षा त धेरै ठूलो छन् । जति हामी काम गर्न सक्छौं, त्योभन्दा कयौं गुणा बढी जनताका अपेक्षाहरू छन् । किनभने अहिलेसम्म नेपाली जनताले विकास नपाएको अवस्था छ । राष्ट्रियस्तरमा मात्र केही विकासहरू भएको थियो । तर, सीमा क्षेत्रका जनताले अहिलेसम्म विकासको अनुभूति गर्न पाएका थिएनन् । हाम्रै गोलबजारमा एउटा राइस मिल थियो जसले पहिला दैनिक दुई हजार बोरा चामल भारत निर्यात गर्थ्यो । तर अहिले दिनको १० हजार क्विन्टल आएन भने यस भेगका जनता भोकै मर्छन् । पहिले हामी निर्यात गर्थ्यौं भने अहिले आयात गर्नुपर्ने बाध्यता छ ।

**० तपाइँहरू पनि त अहिले त्यहाँको सरकार हुनुहुन्छ । पहिलाजस्तै निर्यात गर्ने अवस्था सिर्जना गर्न तपाइँहरूको के पहल छ ?**

– हाम्रो गोलबजार सात वटा हटिया छ । हामीले ६/७ ट्रक तरकारी निर्यात गरिरहेका छौं । यसरी हामीले तरकारी निकासी गरिरहेका छौं । अहिले कृषि क्षेत्रमा रहेका अधिकृतहरूलाई खटाएका छौं । उहाँहरूले अध्ययन गर्दै हुनुहुन्छ । अहिले किसानहरूको अवस्था एकदमै दयनीय छ । किसानहरूको सबै समस्या हामीले मात्रै समाधान गर्न सक्दैनौं । किनभने उद्योग कलकारखाना खोल्ने अधिकार केन्द्र सरकारमै निहीत छ । विदेशी लगानीकर्ताहरूलाई नेपाल भित्र्याउने काम अहिलेसम्म सरकारले सुरू गरेको छैन । नेपाल सरकारले टेक्नोलोजीमा अहिलेसम्म न त चीनसँग प्रतिस्पर्धा गर्न सकेको छ न त भारतसँग । त्यसकारण, हाम्रो देशका टेक्निसियनहरू त्यो मोडेलमा अहिलेसम्म विकास भइसकेको छैन । जसले गर्दा हाम्रो देश पछाडि पर्दै गएको छ ।

**० तर, प्रदेश सरकारले नयाँ उद्योग, कलकारखाना स्थापना गर्नेको कर माफ गर्ने निर्णय गरेको छ नि ?**

– प्रदेश सरकारको निर्णय पनि कागजमै सीमित छ, व्यवहारमा देखा परेको छैन । जसरी सिंहदरबार गाउँमा आयो भनेर जुन कागजमा छ, त्यसरी नै यो निर्णय पनि कागजमै देखिएको छ । पहिलेको भन्दा अहिले अलि बढी अधिकार त आएको छ तर अहिले पनि धेरै कुराहरू कटौती गरिएको छ । प्रदेश सरकारले गरेका कामहरूको अवस्था हेर्दा सन्तुष्ट हुने स्थान छैन ।

**० तपाइँले आफ्नो कार्यकालभित्र गोलबजारलाई कस्तो बनाउने सोच राख्नुभएको छ ?**

– 'हाम्रो नगर, समृद्ध नगर : हाम्रै पालामा सम्भव छ' भन्ने नाराका साथ हामी आफ्नो कामहरू अगाडि बढाइरहेका छौं । गोलबजारलाई हामी समृद्धिको बाटोतर्फ उन्मुख गर्दैछौं । जहाँ अस्पताल छैन, त्यहाँ स्वास्थ्य सेवा पुर्‍यायौं, जहाँ बाटोघाटो छैन, त्यहाँ बाटोघाटो बनायौं । यहाँ राम्रो अस्पताल छैन, त्यसका लागि १५ बेडको अस्पतालका लागि जग्गा व्यवस्था गरेका छौं । गोलबजारमा ठूलो अस्पतालका लागि देशी तथा विदेशी नियोगहरूलाई आग्रह गरेका छौं । प्रदेश २ मै सबभन्दा ठूलो बजार बनाउनका लागि १२ करोड रूपैयाँको तीनतल्ले भवन बनाएर २४सै घन्टा बजार खुल्ला राख्ने गरी बजार निर्माणका लागि डिपिआर तयार गरिसकेका छौं ।

## विश्व परिवेश

# अमेरिकामा मोदीको लहर, ५० हजार सहभागी



न्युयोर्क । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिकामा अहिलेसम्मकै 'भव्य स्वागत' पाउने विदेशी अतिथि बनेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको एउटा 'दुर्लभ संयुक्त कार्यक्रम' मा मोदीको भव्य स्वागत भएको हो । कार्यक्रमको नाम 'हाउडी मोदी' दिइएको थियो । बोलीचालीको भाषामा स्वागतपूर्ण शैलीमा हालखबर सोध्न सो शब्द प्रयोग गरिन्छ ।

टेक्सासमा १० औँ हजार भारतीय मूलका अमेरिकी उपस्थित सो कार्यक्रममा ट्रम्प र मोदीले एक-अर्काको खुलेर प्रशंसा गरे । हुस्टनमा आइतबार आयोजित सो सभालाई ट्रम्पले 'पूर्ण ऐतिहासिक' बताए । ९० मिनेट लामो सो कार्यक्रममा मोदी र ट्रम्प सँगसँगै बसेका थिए । कार्यक्रममा ५० हजारको सहभागिता थियो ।

**एक-अर्काको खुलेर प्रशंसा**

कार्यक्रममा मोदी र ट्रम्पले एक-अर्काको खुलेर प्रशंसा गरेका थिए । 'अमेरिकाको महान् मित्र, सबैभन्दा त्यागी र बफादार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगै टेक्सासमा रहँदा म निकै खुसी छु ' ट्रम्पले सभालाई सम्बोधन गर्दै भने । मोदीले पनि व्यक्तिगत रूपमा ट्रम्पको खुलेर प्रशंसा गरे । ह्वाइटहाउसमा भारतको सच्चा साथी रहेको भन्दै मोदीले ट्रम्प ' मायालु मिलनसार, लचकदार, ऊर्जावान्, बुद्धिमान तथा चलाख नेता' भएको बताए । ' सिइओदेखि कमान्डर इन चिफ, बोर्डरूमदेखि राष्ट्रपतिको कार्यलय ओभरल अफिस तथा स्टुडियोदेखि विश्वव्यापी स्टेज जताततै ट्रम्पको गहिरो प्रभाव छ,' मोदीले भने । मोदीले भारत र त्यहाँका नागरिकका लागि ट्रम्पले ' अद्धितीय काम गरेको' बताए । ट्रम्पले भारतीय मूलका अमेरिकी समुदायप्रति सम्मान व्यक्त गर्दै अगाडि भने, 'भारतीय मूलका अमेरिकी भेट्दा गौरवान्वित महसुस गरेको छु ।'

**सीमाबारे के भने ?**

ट्रम्पले आफ्ना नागरिकको रक्षा गर्न सीमाको रक्षा गर्नुपर्ने बताए । ' अमेरिका र भारतका निम्ति सीमाको सुरक्षा कति महत्वपूर्ण छ भन्ने विषय हामीलाई थाहा छ', ट्रम्पले भने । अवैध आप्रवासी वा गैरकानुनी ढंगले अमेरिका पुगेका व्यक्तिले अमेरिकी नागरिकको हक-अधिकार नखोसुन् भन्ने पक्ष आफू रहेको ट्रम्पको भनाइ थियो । एक प्रसंगमा मोदीले भारत र पाकिस्तानको तनावलाई अमेरिका र मेक्सिकोबीचको सीमाको विवादसँग तुलना गरे । *नयाँपत्रिकाबाट*

# नेपालमा चिनियाँ प्रभाव बढ्दै




काठमाडौं । असोज दोस्रो साताको सुरूआती दिनमा चिनियाँ राष्ट्राध्यक्ष सी जिङ फिनको काठमाडौ भ्रमण हुने निश्चित भएको छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार सीको भ्रमण छोटो हुने भएकाले राष्ट्रपति विद्या भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा लगायतसँगको भेटेको कार्यतालिका बनाउने काम भइरहेको छ । गृह मन्त्रालय स्रोतका अनुसार सीलाई सोल्टी होटलमा विश्रामसहित नेपालका उच्च पदस्त व्यक्तिको भेटघाटको कार्यक्रम पनि मिलाउन थालिएको छ । सीको बसाईको सुरक्षा अवस्थालाई बुझ्नका लागि एक सयभन्दा बढी चिनियाँ गुप्तचर अधिकारी काठमाडौ छिरिसकेका हुन् ।

उनीहरूले सोल्टीमोड, हायात होटल, नेपालका लागि चिनियाँ दूतावासको पेरिफेरिलगायत नेपालका सुरक्षा निकायको समन्वयमा हरेक ठाँउमा रेकी गर्न थालेका हुन् । खासगरी नेपालमा रहेका तिब्बती शरणार्थी, दलाई लामाका समर्थक तथा उनका लगानीकर्ता पश्चिमाको विरोध हुनसक्ने अवस्थालाई महत्वका साथ हेरेका छन् । केहि वर्ष अघि ५ घण्टाका लागि तत्कालीन चिनियाँ प्रधानमन्त्री नेपाल आउँदा शरणार्थीले आत्मदाहसम्मको प्रयास गरेका थिए । त्यसो नहोस् भन्न र अवस्था बुझ्नका लागि चिनियाँ गुप्तचर अधिकारी काठमाडौ ओर्लिएका हुन् । उस्तै अवस्था आए आकस्मिक रूपमा भ्रमण रद्द समेत हुन सक्ने भएकाले अहिले दुवै तर्फका परराष्ट्र मन्त्रालयले सार्वजनिक नगरेको बताइन्छ ।

नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीका अधिकारीलाई समेत बैठक राखेर गृह मन्त्रालयले सीको सुरक्षाको प्रबन्धलाई बलियो बनाउन निर्देशन दिइसकेको छ । खासगरी सशस्त्र प्रहरीका विशेष अधिकारीहरूको सुरक्षा रहने जनाइएको छ । नेपाली सेनाले भने आकाश र तेस्रो घेराको सुरक्षा प्रबन्धको जिम्मेवारी लिएको छ । गणतन्त्र स्थापना भएपछि नेपालमा चीनका

### यस्तो छ ६ बुँदे समझदारी

१. उच्चस्तरीय भ्रमण
२. कार्यकर्ता तहको अध्ययन भ्रमण वृद्धि
३. पार्टी-पार्टी अनुभव आधारित सहयोग आदान-प्रदान
४. युवा र स्थानीय नेताहरूबीच भ्रमण आदान-प्रदान
५. जनस्तरको सम्बन्ध (बुद्धिजीवी, नागरिक संस्था, मिडिया) अभिवृद्धि
६. विचार सिद्धान्तमा आधारित वार्षिक कार्यक्रम सञ्चालन

काठमाडौंमा सीलाई कुनै पनि प्रकारको असजिलो नबनाउनका लगि अधिकारीहरूसँग विशेष बैठक भएको बुझिएको छ ।

सीको सुरक्षाको पहिलो घेरामा काठमाडौ प्रहरी रहने छ भने दोस्रो घेरामा राष्ट्राध्यक्षको यो पहिलो भ्रमण र शिष्टाचार भेटेको कार्यक्रम तय हुँदैछ । यसअघि नेपाल भ्रमणमा सी आउने बताइए पनि उनी भारतबाटै फर्किएका थिए । सीको भ्रमणको तयारी भएका कारणले नै नेकपाका अध्यक्ष प्रचण्डसहितका कतिपय अधिकारीले एक चीन नीतिका विषयमा खुलेर कुरा गरिरहेको पनि बताइन्छ ।

केहि समयअघि मात्र सीको भ्रमणको पूर्वतयारीका लागि चिनियाँ विदेशमन्त्री वाङ यी काठमाडौमा ४८ घन्टा बिताएर फर्किएका थिए । खासै कुनै ठूला परियोजनामा सम्झौता नहुनुको कारण भनेको सीको भ्रमणका क्रममा नै गरिने चिनियाँ तयारी भएको बुझिएको छ । स्रोतले भन्यो, 'राष्ट्राध्यक्ष सीको भ्रमणको पूर्वतयारी र नेपालसँग हुनसक्ने सम्झौताका विषयमा कुराकानी भएको थियो । कतिपय ठूलो परियोजानलाई अहिले गोप्य राखेर सीको भ्रमणका बेला सम्झौता गर्ने तयारी भएको थियो ।'

राष्ट्रपति भण्डारीको चीन भ्रमणका क्रममा सीलाई नेपाल आउनका लागि निम्तो दिइएको थियो । चीनले दक्षिण एसीयामा आफ्नो प्रभव विस्तार गरिरहेको सर्न्दभमा सीको काठमाडौ भ्रमणलाई महत्वका साथ हेरिने छ । उच्च स्रोतका अनुसार यो भ्रमणका क्रममा चीनसँग पेट्रोलियमका लगि सहज पहुँच विस्तारका लागि उत्तरी नाकालाई निरन्तर सञ्चालनमा ल्याउने, उपत्यकादेखि लुम्बिनीसम्मको रेलमार्ग विस्तारका विषयमा पनि सहमति र सम्झौता हुन सक्छ । सीको भ्रमणको विषयमा कस्तो तयारी गर्ने भन्ने सन्दर्भमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति देउवासँग सोमबार मात्रै प्रधानमन्त्री ओली र नेकपा अध्यक्ष प्रचण्डले परामर्श पनि गरेका थिए ।

**नेकपा र चिनियाँ कम्युनिष्टबीच सम्झौता**

नेपाल र चीनका सत्तारूढ कम्युनिस्ट पार्टीले आपसी सहकार्य गर्ने ६ बुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । मंगलबार काठमाडौंमा आयोजित अन्तर्क्रियात्मक गोष्ठीमा नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

सम्झौतामा दुई पार्टीबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने भनिएको छ । नेकपा विदेश विभाग प्रमुख तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सङ ताओले नेकपा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा सम्झौतामा हस्ताक्षर गरे । होटेल म्यारियट दरबारमार्गमा आयोजित कार्यक्रममा चिनियाँ कम्युनिस्ट नेताहरू पनि सहभागी थिए ।

समझदारीपत्रमा कार्यकर्ता तह र जनस्तरको सम्बन्ध अभिवृद्धिदेखि वार्षिक नियमित सैद्धान्तिक-वैचारिक छलफल सञ्चालन गर्नेसम्मका विषय समेटिएका छन् । 'एकीकरणपहिले साविक एमाले र माओवादी केन्द्रसँग चिनियाँ कम्युनिस्ट पार्टीको मित्रतापूर्ण सम्बन्ध थियो, तर बुँदागत रूपमै नागरिकस्तरको सम्बन्ध अभिवृद्धि गर्ने, नियमित सैद्धान्तिक-वैचारिक छलफल चलाउने समझदारी भएको थिएन,' नेकपा विदेश विभागका उपप्रमुख विष्णु रिजालले भने, 'त्यसकारण ६ बुँदे समझदारीबाट दुई कम्युनिस्ट पार्टीबीचको सम्बन्ध अझ उन्नतस्तरमा विस्तारित भएको छ ।' – *पत्रपत्रिकाबाट*

"संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं : घर-घरमा राष्ट्रिय झण्डा फहराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### "जनता दर्शन" कार्यक्रम सुरू

वीरगन्ज । समाजवादी पार्टी पर्सा जिल्लाका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य प्रदीप यादवले 'जनता दर्शन' कार्यक्रम शुरू गरेका छन् । सांसद यादवले आफ्नो निर्वाचन क्षेत्रमा 'जनता दर्शन' कार्यक्रम शुरू गरेका हुन् । उनले आफ्नो क्षेत्रका हरेक जनताको घरमा पुगेरसमस्या बुझ्ने र त्यो समस्या तत्कालै समाधान गर्ने आफ्नो योजना रहेको बताए । पर्साको संसदीय क्षेत्र नम्बर १ को लालपर्साबाट सुरू भएको सो कार्यक्रमको उद्घाटन दलित वस्तीबाट भएको हो । प्रदेशसभाका सांसद जन्नत अंसारीसँगै लालपर्सा पुगेका सांसद यादवसमक्ष त्यहाँका स्थानीयले विद्यालयमा शिक्षकको कमी र भौतिक संरचनाको आवश्यकता, सडकको मर्मत, गाउँको बिजुली पोलहरूमा बत्ती नभएको लगायतका समस्या राखेका थिए ।

### समानताले मात्र समृद्धि ल्याउँछ : मुख्यमन्त्री

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउतले समानताले मात्र प्रदेशमा समृद्धि ल्याउने बताएका छन् । महोत्तरीको मटिहानीमा आयोजित नगरपालिकास्थित सामुदायिक विद्यालयको कक्षा ९मा अध्ययनरत छात्रा छात्राको लागि ल्यापटप वितरण कार्यक्रममा मुख्यमन्त्री राउतले प्रदेशभित्र रहेको भेदभाव अन्त गर्दै समान्ता ल्याइए मात्र समृद्धि सम्भव हुने बताए । विश्वका समृद्ध मुलुकहरूमा महिला पुरूष, दलित गैरदलित जस्ता विभेद नरहेको उदाहरण दिँदै मुख्यमन्त्री राउतले भने,' हामीलाई समृद्धि प्राप्त गर्नु छ भने विभेद अन्त गर्नु पर्दछ र प्रदेश सरकार त्यसमा अगाडी बढेको छ । प्रदेश सरकारले समाजमा रहेको विभेद अन्त गर्नका लागि बेटी पढाउ बेटी बचाउ कार्यक्रम संचालन ल्याई सकेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले केही दिन भित्रै दलित सशक्तिकरण ऐन र मदरशा शिक्षा बोर्ड जस्ता विधेयक पारित गर्न लागेको दावी गरे । आजको प्रतिस्पर्धात्मक युगमा प्राविधिक शिक्षाले मात्र सबैलाई रोजगारी दिन सक्ने उल्लेख गर्दै मुख्यमन्त्री राउतले मटिहानी नगरपालिकाले कक्षा ९का छात्र छात्राहरूलाई ल्यापटप उपलब्ध गराएर प्राविधिक शिक्षाको विकासमा महत्वपूर्ण टेवा पुऱ्याएको भन्दै प्रशंसा समेत गरे ।

### "सरकारको बेइमानीमा समाजवादी साझेदार"

जनकपुरधाम । नेपाली कांग्रेस नेता गगन थापाले सरकारको बेइमानीमा समाजवादी पार्टीले सघाउने गरेको आरोप लगाएका छन् । जनकपुरस्थित पार्टी कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा नेता थापाले वर्तमान सरकार विगतका सम्झौताहरूलाई लत्याउँदै विधेयक ल्याउन लागेको आरोप समेत लगाए । उनले विधेयक ल्याउनमा समाजवादी पार्टीले समेत सघाउने गरेको बताउँदै सरकारको बेइमानीमा समाजवादी पार्टी साझेदार बनेको बताए । नेता थापाले वर्तमान सरकारको शक्ति दुरूयोग रोक्न दशैंपछि सडक संघर्षमा उत्रने बताए । संसदलाई सडकसँग लगेर जोड्ने काम कांग्रेसले गर्ने उनले बताए । उनले भने, 'सडकको ताकतको आधारमा संसदको शक्तिको दुरूपयोग गर्ने सरकारको प्रयासको प्रतिरोध दशैं पछाडि कांग्रेसले गर्छ ।' नेता थापाले अब कांग्रेसको एउटै एजेण्डा २०७९ सालको चुनाव जित्ने चाहना तथा इच्छा रहेको बताए । 'संविधान संशोधन गरी स्वीकार्य बनाउन सकिएन भने देशमा दुर्घटना हुन्छ,' उनले भने, 'त्यसैले अगामी चुनाव जितेर संविधान संशोधन काँग्रेसले गर्छ ।' उनले चीनको राष्ट्रपति सि जिन पिङ नेपाल भ्रमणको पुर्वसंध्यामा नेकपा अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री ओलीले सि विचारधारा अवलम्ब गर्नुपर्ने धारणा राखेकोमा आपत्ति जनाए । उनले भने, 'मोदी आएको बेला मोदी विचारधारा बोक्ने कुरा गर्छ । सि आउने बेला सि विचारधार बोक्ने कुरा गर्छ । यो सबै अलमलाउने खेल मात्र हो ।'

### आँखाको निःशुल्क शल्यक्रिया

वीरगन्ज । महानगरपालिकाको सहयोगमा माट्रिका आई फाउन्डेशनद्वारा आँखाको अपरेशन गरिएको छ । महानगरपालिकामा रहेका सिमान्तकृतवर्गका जनताहरूको निःशुल्क मोतीयाविन्दुको अपरेशन गर्ने योजना अनुसार ६७ जनाको आँखाको अपरेशन गरिएको छ । नेशनल ट्रेडिङ्ग अगाडि रहेको माट्रिका आई फाउन्डेशनको कार्यालयमा बिहीबार र शुक्रबारसम्ममा ६७ जनाको आँखाको अपरेशन गरिएको छ । वीरगन्ज महानगरपालिका वडा नम्बर १७ अलौका ६० र अरू वडाका ७ जना गरी ६७ मोतियाबिन्दुका रोगीहरूको आँखाको अपरेशन डा नम्रता गुप्ताले गरेकी हुन् । अपरेशन गरिएको ठाउँमा महानगरपालिकाका नगरप्रमुख बिजय कुमार सरावगी शुक्रबार बिहान पुगेर बिरामीहरूको स्थास्थ्य अवस्थाको जानकारी समेत लिएका थिए । नगर प्रमुख सरावगीसंगै समाजवादी पार्टीका केन्द्रीय सदस्य शशिकपुर मियाँ, राजनीतिक सल्लाहकार मुकेश द्विवेदी, अजय साहट र ज्योती यादव लगायतको नेताहरूले बिरामिहरूको स्वास्थय अवस्थाको बारेमा जानकारी लिएका थिए ।

### राप्रपा रौतहटको अध्यक्षमा सिंह मनोनयन

रौतहट । राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला तदर्थ कार्य समितिको अध्यक्षमा राजेश्वर प्रसाद सिंह मनोनीत भएका छन् । विघटन भएका जिल्ला कार्य समितिको पुनर्गठनका लागि केन्द्रीय कार्यालयले पार्टीको विधान २०७३ को दफा (ङ) बमोजिम जिल्ला तदर्थ कार्य समितिको अध्यक्षमा मनोनयन गरिएको हो । पार्टीका केन्द्रीय महामन्त्री भास्कर भद्राले जारी गरेको पत्रअनुसार सिंहलाई जिल्लामा सक्रीय रहेका सदस्यहरूलाई समावेश गरी जिल्ला तदर्थ समिति शीघ्र गठन गर्न निर्देशन समेत दिइएको छ । रौतहटको सम्पूर्ण स्थानीय तहमा पार्टीको संगठन सुढृढीकरण र विस्तार गरी जिल्ला परिषद् सम्पन्न गराउन निर्देशन सहित आग्रह गरिएको अध्यक्ष सिंहले बताएका छन् ।

### प्रहरीले निगरानी बढायो

अजय मिश्र, कपिलवस्तु । कपिलवस्तुको कृष्णनगर मताहतका क्षेत्रमा दशै र तिहारलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी, जनपद प्रहरी र ट्राफिक प्रहरीले आ-आफ्नो कार्यक्षेत्रमा निगरानी बढाएका छन् । शान्ति सुरक्षा कायम गर्न हरेक प्रयास गरिरहेका छन् । दशै तिहारलाई लक्षित गर्दै सशस्त्र प्रहरीले रात्रिमा गाडी र पैदल पेट्रोलिंग बढाएको छ । व्यक्तिलाई सहज हुनका लागी भाद्र २९ गतेदेखि नै मुख्य भन्सार नाकामा नागरिक सहायता कक्ष स्थापना गरिएको छ । लिंकगेट, यात्रुगेट, झण्डानगर र लक्ष्मीनगर लगायत क्षेत्रमा दैनिक चेकिंगमा सशस्त्र प्रहरी बलले कडाई गर्दै गाडी चेकिंग र सीमानाकामा हुनसक्ने सम्भावित घटना रोक्न विशेष टोली समेत सशस्त्र प्रहरी बलले खटाएको छ । साथै दुर्गा मुर्ति विसर्जन मा बजार क्षेत्रको सुरक्षाका लागि जिल्लाबाट समेत सुरक्षाकर्मी ल्याउने तयारी भइरहेको जानकारी सशस्त्र प्रहरी बल कृष्णनगर ३९ नं का गुल्मपती सशस्त्र प्रहरी नायब उपरिक्षक सुशील कुमार शाहीले जानकारी दिए ।

### आगलागीबाट चार करोडको क्षति

कपिलवस्तु । वाणगंगाको एक उद्योगमा भिषण आगलागी भएको छ । मंगलबार राती १२ बजे विद्युत सर्ट भएर नेपाल फेब्रिक इष्ड्रष्टिज उद्योगमा आगलागी भएको हो । आगलागीबाट ४ करोडको क्षति भएको उद्योगका सञ्चालकको अनुमान छ । उद्योगमा आगलागी भएपछि वाणगंगा नगरपालिका र कपिलवस्तु नगरपालिकाको दमकल बोलाइएको थियो । यद्यपि आगो नियन्त्रणमा लिन नसक्दा उद्योगमा करोडौंको क्षति भएको उद्योग सञ्चालकले बताएका छन् । आगालागीबाट भएको क्षतिबारे इलाका प्रहरी कार्यालय पिपराले विवरण संकलन गर्न लागेको इलाका प्रहरी कार्यालय पिपराका प्रहरी निरिक्षक आयुश कुमार जोसीले जानकारी दिनुभयो । उद्योगले बोरा उत्पादन गर्दै आइरहेको थियो । घटनाको वितृत विवरण आउन बाँकी छ ।

### प्रदेश प्रहरीलाई सुविधा सम्पन्न गाडी

कैलाली । सुदूपश्चिम प्रदेश सरकारले प्रदेश प्रहरीलाई सुविधा सम्पन्न गाडी उपलब्ध गराएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले प्रदेश प्रहरीलाई नौवटै जिल्लाका प्रहरी कार्यालयलाई सुविधा सम्पन्न सवारी साधन दिएको छ । प्रदेशका नौवटै जिल्ला प्रहरी कार्यालयका लागि मन्त्रालयले तीन करोड ३२ लाख ९१ हजार रूपियाँका गाडी प्रदेश प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको हो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३६ लाख ९९ हजारका दरले नौवटा गाडी २०७६ असार २५ गते खरिद गरेको थियो ।

## टिप्पणी

निमिष झा

# शौचालयबिना नै खुला दिसामुक्त !

नेपाललाई खुला दिसामुक्त देश घोषणा गर्न केन्द्र सरकारले तयारी तीव्र पारेको छ। सरकारले असोज १३ गते देशलाई खुला दिसामुक्त गर्ने मिति तय गरेको छ। यसै सन्दर्भमा अहिले देशका विभिन्न ठाउँलाई धमाधम खुला दिसामुक्त क्षेत्र घोषणा गरिदैंछ। २०६८ सालदेखि सञ्चालन भएको अभियान अहिले ७७ वटै जिल्ला खुला दिसामुक्त भएको छ। शतप्रतिशत भन्दा पनि खुला दिसामुक्त हुन पर्याप्त काम भइसकेकाले असोज १३ गते देशलाई नै खुला दिसामुक्त घोषणा गरिनेछ। खुला दिसामुक्त घोषणा भइसकेपछि सरसफाइको कार्यक्रमहरू हुँदै जाने सरकारको दाबी छ।

सरकारी तथ्यांकअनुसार १९९० को दशकमा २ प्रतिशत घरमा शौचालय रहेको नेपालमा अहिले ५६ लाखभन्दा बढी शौचालय बनेको छ। नेपालमा ५६ लाख ६० हजार २ सय १४ घरधुरीमा शौचालय बनेको छ। २०६८ सालमै अभियान सुरू भएपनि २०७२ सालको विनाशकारी भूकम्पले अधिकांश जिल्लामा शौचालय पनि तहसनहस बनेको थियो। पुनःर्निर्माणले गति लिएसँगै शौचालय पनि तीव्र गतिमा बनेको थियो। कास्की नेपालमा पहिलो खुला दिसामुक्त जिल्ला भएको थियो।

सबै प्रदेश शतप्रतिशत शौचालय बनेको पनि सरकारी दाबी छ। प्रदेश नम्बर १मा रहेको ९ लाख ६५ हजार २ सय ७२ घरमध्ये सबै घरधुरीमा शौचालय बनेको छ। खुला दिसामुक्त घोषणा गर्न प्रदेश २ मा निकै गाह्रो रहेको बताइन्छ। तर ९ लाख २३ हजार ७ सय ४९ घरधुरी रहेको प्रदेश नम्बर २ मा पनि सबै घरमा शौचालय बनेको दाबी सरकारको छ।

**औपचारिक घोषणाले न त छुमन्तर खुला दिसा गर्नुपर्ने बाध्यता अन्त्य हुन्छ, न त वातावरण नै स्वच्छ र सफा हुन्छ।**

त्यस्तै सबैभन्दा बढी घरधुरी रहेको प्रदेश नम्बर ३ मा पनि एक घर एक शौचालय बनेको छ। १६ लाख २२ हजार १ सय ३३ घरधुरी ३ नम्बर प्रदेशमा रहेछ। गण्डकी प्रदेशमा ५ लाख ४८ हजार २ सय १० घरधुरीमा शौचालय बनेको बताइएको छ। ७ लाख ९३ हजार ९ सय ९० घरधुरी रहेको प्रदेश नम्बर ५ मा पनि सबै घरमा शौचालय निर्माण गरेको उनको दाबी छ। ३ लाख ७९ हजार ६५ घरधुरी रहेको कर्णाली प्रदेशमा पनि सबै घरधुरीमा शौचालय बनेको छ। सुदूरपश्चिम प्रदेशमा ४ लाख ९८ हजार १२ घरधुरी रहेकोमा सबै घरमा शौचालय बनेको छ।

छिमेकी देश भारत अक्टोबर २ अर्थात् असोज १५ गते खुला दिसामुक्त देश घोषणा हुँदैछ। दक्षिण एसियामा हालसम्म कुनै पनि देश खुला दिसामुक्त भएका छैनन्। यदि असोज १३ गते नेपाल खुला दिसा मुक्त घोषणा भए दक्षिण एसियामै पहिलो देश हुनेछ। भारतले १५ गते खुला दिसामुक्त देश घोषणा गर्ने भएकाले हतार हतारमा नेपालले असोज १३ गते नै घोषणा गर्न लागेको हो।

त्यसो त हतारकै कारण नेपालमा कति सार्वजनिक शौचालय आवश्यक छ भन्ने पनि सरकारसँग कुनै तथ्यांक छैन्। अधिकारीहरूले पनि सार्वजनिक शौचालय कति चाहिन्छ भन्ने डाटा छैन्। सार्वजनिक शौचालय नबनेको भन्दा पनि अपुग भने अवश्य छ। यसैसन्दर्भमा प्रदेश २ सरकारले पनि केन्द्रको सिको गर्दै फटाफट खुला दिसामुक्त क्षेत्र घोषणामा लागेको छ। कुनै तयारी बिना नै प्रदेश २लाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्दा त्यसबाट आम जनता कति लाभान्वित हुने प्रश्न पनि छ। प्रदेश २ का बारा, पर्सा, रौतहट, सिरहा, सप्तरी, सर्लाही समेत खुला दिसामुक्त जिल्ला घोषणा भइसकेका छन्। मुख्यमन्त्री लालबाबु राउतले अब खुला दिशामुक्त प्रदेश घोषणा गर्ने तयारी गरेका छन्।

प्रदेशको अस्थायी राजधानी र धनुषा जिल्लाको सदरमुकाम समेत रहेको जनकपुरधाममा सार्वजनिक शौचालय छैनन्। सार्वजनिक शौचालय नहुँदा कतिपय व्यक्तिले खुलामै दिसा गर्न बाध्य हुनुपरेको यहाँ नयाँ भने होइन।

शहरबाहेक उपमहानगरपालिकाकै ग्रामीण वडामा त झन् अवस्था विकराल छ। विकराल अवस्थाबीच सरकारी निकायले खुला दिसामुक्त घोषणालाई औपचारिकतामै सीमित गरेका छन्। खुला दिसामुक्त घोषणा अभियान सरसफाइसँग सम्बन्धित छ तर सरकारी निकायले यसलाई बजेट सक्ने र औपचारिक घोषणा गर्नेमै सीमित राखेका छन्। औपचारिक घोषणाले न त छुमन्तर खुला दिसा गर्नुपर्ने बाध्यता अन्त्य हुन्छ, न त वातावरण नै स्वच्छ र सफा हुन्छ। तैपनि सरकारी निकायलाई साँच्चिकै सफाइभन्दा औपचारिक घोषणाको झारा टार्नमै हतारो छ।

आगामी असोज १३ गते नेपाललाई नै खुला दिसामुक्त क्षेत्रको रूपमा घोषणा गर्ने सरकारी तयारीअनुसार धनुषा जिल्लालाई हतारहतारमा घोषणा त गरियो तर प्रयोगात्मक रूपमा धनुषा जिल्ला खुला दिसामुक्त छैन।

# वाणिज्य सन्धि पुनरावलोकन बैठक सुरू



काठमाडौं। नेपाल-भारतबीचको वाणिज्य सन्धि पुनरावलोकनका लागि तेस्रो चरणको बैठक नयाँदिल्लीमा सुरू भएको छ। दुई दिनसम्म चल्ने बैठकमा नेपालको बढ्दो व्यापार घाटा न्यूनीकरणका लागि भारतीय बजारमा सहज पहुँच, गैरभन्सार अवरोध न्यूनीकरण र नाकाका पूर्वाधार सुधारलगायत प्रमुख एजेन्डामा छलफल भइरहेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकालको नेतृत्वमा नौ सदस्यीय नेपाली टोली सहभागी भएको छ। बैठकले अघिल्लो वर्ष फागुनमा पोखरामा भएको समितिको दोस्रो बैठकमा भएका एजेन्डाहरूलाई अन्तिम रूप दिनेछ।

पछिल्लो समय वाणिज्य सन्धिमा सन् २००९ मा पुनरावलोकन गरिएको थियो। हरेक सात वर्षमा दुई पक्षको सहमतिअनुसार नवीकरण गर्ने प्रावधानअनुसार सन् २०१६ मा नवीकरण गरिएको थियो। यसको म्याद २०२३ सम्म रहेको छ। सन् २००९ मा संशोधन गरिएको वाणिज्य सन्धिमा दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने व्यवस्था छ। गत वर्ष वैशाखमा काठमाडौंमा बसेको वाणिज्य र पारवहनसम्बन्धी सचिवस्तरीय अन्तरसरकारी समिति (आईसीजी) बैठकमा वाणिज्य सन्धि नवीकरणका लागि दुवै पक्ष सहमत भएका थिए।

गत वर्ष जेठमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका बेला दुई मुलुकबीच व्यापार, वाणिज्यलगायतका सबै दुई पक्षीय विषयहरूको समस्या पहिचान गर्दै समाधानको मार्गचित्र पनि तयार पार्ने सहमति बनेको थियो। त्यसैका आधारमा सन्धिमा समेट्नुपर्ने क्षेत्र र परिमार्जन गर्नुपर्ने बुँदाहरू पहिचान गरेर सैद्धान्तिक सहमति गर्ने तयारी दुवै पक्षको छ।

# हिन्दु राष्ट्रबारे भारतको सरोकार छैन : आरएसएस प्रमुख

काठमाडौं। भारतीय जनता पार्टीको मातृ संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का प्रमुख मोहन राव भागवतले हिन्दु राष्ट्रको निर्णय गर्ने अधिकार नेपाली नागरिकमा रहेको बताएका छन्। उनले यस विषयमा भारतको सरोकार नरहेको स्पष्ट पारे। नयाँदिल्लीमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधिहरूसँग उनले नेपाल स्वाधीन र स्वतन्त्र मुलुक भएकाले आफ्नो निर्णय आफैं गर्न सक्ने बताए। उनले नेपाललाई हिन्दु राष्ट्र बनाउने/नबनाउने भन्ने मामिलामा नेपाली जनताले मात्रै निर्णय गर्न सक्ने बताए। 'नेपाललाई हिन्दु राष्ट्र बनाउने/नबनाउने कुरा त्यहाँका जनतामा निर्भर गर्छ। आरएसएसको त्यो विषयसँग कुनै सम्बन्ध छैन,'उनले स्पष्ट पारे।

उनले नेपालका हिन्दु संगठनहरूले हिन्दु राष्ट्रको पक्षमा वकालत गरिरहेका हुन सक्ने तर त्यसमा आरएसएसको कुनै भूमिका नभएको दाबी गरे। 'आरएसएसले नेपालको आन्तरिक मामिलामा कुनै सरोकार राख्दैन। हाम्रो संगठनको गतिविधि भारतभित्रै सीमित छ,' उनले भने। नेपाल धर्मनिरपेक्ष मुलुक हुनुलाई पनि भागवतले स्वाभाविक घटनाका भएको बताए। उनले हिन्दु राष्ट्र राजनीतिक नभएर सांस्कृतिक अवधारणा मात्रै भएको बताए।

# परिमार्जित पत्रकार आचारसंहिता सार्वजनिक

काठमाडौं। एक कार्यक्रमबिच संशोधित तथा परिमार्जित पत्रकार आचारसंहिता, २०७३ सार्वजनिक गरिएको छ। प्रेस काउन्सिल नेपालको स्वर्ण जयन्तीको अवसरमा काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ र नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले संयुक्तरूपमा सार्वजनिक गरेका हुन्। आचारसंहितालाई समसामयिक बनाई समग्र मिडिया क्षेत्रलाई मर्यादित, जवाफदेही र जिम्मेवार बनाउने उद्येश्यअनुरूप सरोकारवाला संघ, संगठनका प्रतिनिधि पत्रकारहरूसंग धेरै चरणको छलफल, अन्तर्क्रिया र प्राप्त रायसुझावमाथि गहन छलफलपश्चात आचारसंहिता जारी गरिएको हो। सो अवसरमा कार्यवाहक अध्यक्ष श्रेष्ठले छिटै प्रविधिको विकास भइ आचारसंहिता छिटै परिमार्जन गरिएको, हाम्रा कमीकमजोरीको कारण अनेकखाले कानुन बनेको बताए।

# भारतद्वारा शुभकामना

काठमाडौं। भारतले नेपालको संविधान दिवसका अवसरमा नेपाल सरकार र नेपाली जनतामा हार्दिक शुभकामना दिएको छ। भारतका राष्ट्रपति रामनाथ कोविन्दले राष्ट्रपति विद्यादेवी भण्डारीलाई एक शुभकामना सन्देश पठाउँदै राष्ट्रपति स्वयम् र भारत तथा त्यहाँका जनताका तर्फबाट संविधान दिवसको शुभकामना व्यक्त गरेका छन्। सन्देशमा राष्ट्रपति कोविन्दले नेपाल र भारत साझा भूगोलले मात्र नभई इतिहास, सभ्यता, संस्कृति र जनता जनताबीचको सम्पर्कले जोडिएका बताएका छन्। भारत र नेपालबीचको साझेदारी विभिन्न क्षेत्रमा निरन्तर विस्तार भइरहेको बताउँदै भारतका राष्ट्रपतिले सन्देशमा नेपालको समृद्धि र विकासका लागि अविच्छिन्न सहयोग अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

नेपालको भ्रमण गर्न आफूलाई राष्ट्रपति भण्डारीबाट प्राप्त निमन्त्रणाप्रति आभार व्यक्त गर्दै उनले दुई देशीबीच उच्चस्तरमा आदानप्रदान हुने भ्रमणले एकअर्काप्रति हाम्रो साझेदारीका प्राथमिकता प्रतिबिम्बित हुन्छन् भनेका छन्। दुवै देशलाई उपयुक्त हुने समयमा नेपालको भ्रमण गर्न आफू प्रतीक्षारत रहेको बताउँदै भारतका राष्ट्रपतिले सन्देशमा राष्ट्रपति भण्डारीको सुख, सुस्वास्थ्यका साथै मित्रवत् नेपाली जनताको निरन्तर समृद्धि र प्रगतिको कामना गरेका छन्।

## आर्थिक समाचार

### दुई एयरलाइन्स उडान सुरू गर्दै

काठमाडौं। नेपालमा थप तीन विदेशी एयरलाइन्सले उडान गर्ने तयारी गरेका छन्। काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने भन्दै उनीहरूले प्रक्रिया अघि बढाएका हुन्। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार यसमध्ये भारतका दुई र कुवेतको एउटा एयरलाइन्स छन्। भारतको जेट एयरवेजले उडान बन्द गरेपछि स्पाइस जेटले पुनरुउडान सुरू गर्ने भएको छ। उसले कात्तिकदेखि काठमाडौंमा उडान सुरू गर्ने जनाएको छ। त्यस्तै भारतकै अर्को विस्तारा एयरलाइन्सले पनि काठमाडौं उडान सुरू गर्ने भएको छ। उसले उडान सुरू गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा निवेदन दिइसकेको छ।

### ग्लोबल आइएमईद्वारा वृक्षारोपण

काठमाडौं। ग्लोबल आइएमई बैंकले संविधानदिवसको उपलक्ष्यमा वृक्षारोपण कार्यक्रमको आयोजना गरेको छ। बैंकले काठमाडौं महानगरपालिका वडा नं. ३ सँगको सहकार्यमा काठमाडौंको पानीपोखरी देखि महाराजगंजसम्मको सडक पेटिका विभिन्न स्थानमा करिब २०० रूखका विरूवा रोपेको छ।

### जनताले लाभांश वितरण गर्ने

काठमाडौं। जनता बैंकले १२ प्रतिशतको अनुपातमा लाभांश वितरण गर्ने घोषणा गरेको छ। बैंकले गत आर्थिक वर्षको खुद मुनाफामध्येबाट हाल कायम रहेको चक्ता पुँजीमध्येबाट छ प्रतिशत अर्थात ४८ करोड ४७ हजार एक सय ५५ रूपैयाँबराबरको बोनस सेयर र छ प्रतिशत अर्थात् ४८ करोड ४७ हजार एक सय ५५ रूपैयाँ नगद लाभांश समेत गरी कुल ९६ करोड ९४ हजार तीन सय १० रपैयाँ बराबरको लाभांश वितरण गर्ने घोषणा गरेको हो।

### बालबालिकालाई खाद्यान्न सहयोग

काठमाडौं। मेगा बैंक नेपालले काठमाडौंको बूढानीलकण्ठस्थित फुड फर लाइफ नेपालमार्फत बालबालिकालाई खाद्यान्न सहयोग गरेको छ। संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले उक्त संस्थालाई १५ दिनका लागि पुग्ने चामल, नुन, तेलसहित विभिन्न प्रकारका खाद्य सामग्री सहयोग गरेको विज्ञप्ति मार्फत जनाएको छ।

### सिटिजन्सको सहयोग

काठमाडौ। सिटिजन्स बैंक इन्टरनेशनलले लागु औषधको दुर्व्यसनमा फसेका व्यक्तिलाई कुलतबाट छुटकारा गराउने उद्देश्यले नशारहित समाज नेपाललाई एक लाख एक हजार रूपैयाँ सहयोग गरेको जनाएको छ। उक्त रकमको चेक संस्थाका सञ्चालक सोनाम शेर्पालाई हस्तान्तरण गरेको बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। लागूऔषध प्रयोगकर्तामा मनोबल र आत्मबल बढाई लागू पदार्थप्रति वितृष्णा उत्पन्न गराउने, लागू पदार्थको कुप्रभावबारे जनजागरण कार्यक्रम सञ्चालन गरी लागूऔषध प्रयोगकर्ताको कारणबाट उत्पीडित समाजलाई राहत दिलाउने, लागूऔषध प्रयोगकर्तालाई उपचार गरी परिवार र समाजमा पुनःस्थापना गर्ने, सीपमूलक कार्यमा सहभागी गराई स्वावलम्बी बन्न सिकाउने कार्यमा कटिबद्ध उक्त संस्थामा २४ जना लागूऔषध दुर्व्यसनमा फसेका युवा उपचारको क्रममा रहेका बैंकले जनाएको छ।







# आरएसएसका प्रवक्ता नेपालमा



काठमाडौं। अखिल भारत प्रचार मञ्चका प्रमुख एवं भारतीय राष्ट्रिय स्वयंसेवक दल (आरएसएस)का प्रवक्ता अरूण कुमाल नेपाल आएका छन्। काठमाडौंमा एक कार्यक्रमबीच काश्मीरबारे उनले धारणा राखेका छन्। 'भारतीय संविधानको धारा ३७०: बुझाई र वास्तविकता' शीर्षक दिइएको कार्यक्रममा उनले भारतीय संसदले धारा ३७० खारेज गर्ने अवस्थामा कसरी पुग्यो भन्नेबारे व्याख्या दिएका छन्।

# प्रदेश २...

पार्टी एक भएपनि कार्यकर्ताको व्यवस्थापन, संगठन निर्माण जस्ता विषयलाई पूर्णता दिन सकेको छैन।

चुनावमा सहकार्य गरेका राजपा नेपाल र समाजवादी पार्टीबीच एकीकरण गर्ने चर्चा चलेको पनि लामो समय भयो तर अहिलेसम्म कुनै निष्कर्षमा पुग्न सकेको छैन। राजपा नेपालले कार्तिक २७, २८ र २९ गतेलाई महाधिवशेनको मिति तोकेको भएपनि अहिलेसम्म त्यसको कुनै तयारी भएको छैन। पहिले समाजवादी पार्टीसँग एकीकरण गर्ने कि महाधिवशेनमा जाने भन्ने विषयमा पार्टीभित्रै विवाद सिर्जना भइरहेको छ। यसरी आफ्नै पार्टीलाई व्यवस्थित रूपमा अगाडि बढाउन नसकेको दलले प्रदेशको विकासका लागि कसरी काम गर्न सक्छ सोचनीय विषय हो।

**राजपा र समाजवादीको आगामी बाटो**

मुद्दा समान भएका राजपा र समाजवादीबीच एकीकरण गर्नुको कुनै विकल्प छैन। आफू सत्ताको स्वार्थ चाखिराख्ने र जनतालाई भ्रममा राखिराख्ने हो भने यी दलहरूको पतन हुने स्थिति धेरै टाढा छैन। मधेशको नाममा भ्रम फैलाएर राजनीतिक सिँढी चढ्ने बाटो तयार बनाउनु र त्यहाँका अशिक्षित र गरिब जनतालाई बर्षौंसम्म यो संविधानले मधेशीलाई विभेद गरेको छ भन्ने भ्रममा राखिराख्नु राजनीतिक अधर्म हो। यही अवस्थामा दोधारे नीति लिएर बसिरहने हो भने प्रदेश २ अन्य प्रदेशको तुलनामा झन् झन् पछाडि पर्दै जाने निश्चित छ। विभिन्न सूचकांकहरूमा अत्यन्त दयनीय अवस्थामा रहेको प्रदेश २ लाई माथि उठाउने जिम्मेवारी यही राजपा र फोरमको काँधमा छ। त्यसैले यी दलहरूले एकीकरण गरी प्रदेशको विकासमा आफ्नो ध्यान केन्द्रित गर्न जरूरी छ। अहिले प्रदेश २ आन्तरिक रूपमा कमजोर र बाह्यरूपले असफल भइसकेको छ। यो अवस्थाबाट प्रदेशलाई मुक्ति दिने भएपनि राजपा र समाजवादीको एकीकरण अपरिहार्य छ।




# मोदीको जन्मोत्सवमा पशुपतिमा विशेष पूजा

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदीको ६९औं जन्मोत्सवको अवसरमा पशुपतिनाथ मन्दिरमा विशेष पूजा गरिएको छ। रूद्राभिषेकसहितको विशेष पूजा गरिएको थियो। मोदीको दीर्घायु, दीर्घ सुशासन र स्वच्छ भारतको लक्ष्यसहित निरन्तर अघि बढोस् भन्ने सङ्कल्पले विशेष पूजा गरिएको पशुपतिनाथका मूल अर्चक रावल गणेश भट्टले जानकारी दिए। पशुपतिनाथ मन्दिरमा विशेष पूजा गर्न भारतीय जनता पार्टी (भाजपा) का नेता सञ्जीव शुक्लाको नेतृत्वमा कमलेश तिवारी, उमेश गुप्ता, राकेश तिवारी, लालता साहू, डा शिवमोहन गुप्तासहितको समूह काठमाडौं आएको थियो। दोस्रोपटक मोदी भारतको प्रधानमन्त्री भएको १०० दिन पूरा भएको अवसरसमेत पारेर विशेष पूजा गरिएको भारतीय समूहका नेता शुक्लले बताए। विशेष पूजापछि पशुपति प्राङ्गणमा नेपाल-भारत मित्रताको कामना गरिएको थियो। भारतबाट आएको समूहले पशुपतिनाथको प्रसाद प्रधानमन्त्री मोदीलाई लैजाने समूह प्रमुख शुक्लले बताए।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं